६३

कैवल्य कुञ्जिका

(प्रथम खण्ड)

६२४६
वा० वि० पी० पुस्तकालय
मू० ५/-
आंशिक आरक्षित

निष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती

कैवल्य कुञ्जिका

(प्रथम खण्ड)

कैवल्य कुञ्जिका

(प्रथम खण्ड)

•

रचयिता

श्रोत्रिय ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती

एम० ए०, डी० फिल०, बी० एल०

संस्थापक—अद्वैत संस्था

कुलपति—अखिल अद्वैत विश्वविद्यालय, नेपाल ।

•

प्रकाशक

अद्वैतहृदय बसन्तलाल सरस्वती

प्रकाशक :
अद्वैतहृदय बसन्तलाल सरस्वती
नारायणगढ़, चितवन, नेपाल

सर्वाधिकार सुरक्षित :
अद्वैत संस्था, नेपाल

प्रकाशन मिति :
वि० सं० २०३२ कार्तिक कृष्ण १३ शनिवार
(धन्वन्तरि-त्रयोदशी)

प्रथम संस्करण : ११००

मूल्य : ५·००

मुद्रक :
जीवन शिक्षा मुद्रणालय, (प्रा०) लिमिटेड,
गोलघर, वाराणसी-१

❀ समर्पणम् ❀

मान्यक्षितीशचन्द्रेण ब्रह्मनिष्ठेन निर्मिता ।
नेपालीवाङ्मयोपेता धन्या "कैवल्यकुञ्जिका" ॥ १ ॥

अज्ञानध्वान्तनाशाय सुसमर्थानपायनी ।
भूयाद् भव्याय सर्वेषां मुमुक्षूणां हितोद्यता ॥ २ ॥

न निदाऽनु न चिताऽन्वितिसूत्रप्रभाविता ।
त्वदीया कुञ्जिका देव ! तुभ्यमेव समर्पये ॥ ३ ॥

वैद्य-विश्वनाथपाण्डेयः
ब्रह्माघाट, वाराणसी ।

आशीर्वचन

अद्वैत संस्था के भक्त द्वारा प्रकाशित पुस्तक-पुस्तिकाओं की यह विशेषता होती है कि उनमें सम्पूर्ण द्वैत प्रपञ्च का श्रुति, युक्ति और विद्वद् अनुभव द्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयंप्रकाशमान अद्वैत निजी स्वरूप का प्रतिपादन किया जाता है। प्रसङ्गवश ईश्वर तत्त्व और मनुष्य के प्रारब्ध में अधिष्ठित ईश्वर-स्वरूप का निरूपण भी उपलब्ध होता है। ईश्वर-स्वरूप का निरूपण केवल द्वैत प्रपञ्च के आत्यन्तिक निरसन के लिए है। इस प्रकार जब निर्गुण ईश्वर की भक्तिपूर्वक जगत् निरसन होता है, तब उस निरसन की अवधि रूप से ब्रह्म से अभिन्न निर्गुण ईश्वररूप मुमुक्षु का निजी वास्तव स्वरूप स्वयं प्रकट हो जाता है। इस प्रकार ब्रह्म की अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धि में सम्भव होती है।

अद्वैत संस्था के भक्त द्वारा प्रकाशित अद्वैत-तत्त्व प्रतिपादक पुस्तक-पुस्तिकाओं के प्रकाशन में हृदयतः मेरा आशीर्वाद है। इस प्रकार अद्वैत-विषयक पुस्तक प्रकाशन से भगवान पशुपतिनाथ प्रसन्न होकर प्रकाशक के हृदय में स्थित चिरन्तन अन्धकार को विनष्ट कर देते हैं और भक्त ईश्वर विज्ञानी बन जाता है।

लक्ष्मी-निवास
२२ कांग्रेस एक्जिविशन रोड
कलकत्ता—१७
पोस्ट वाक्स नं० १६०२४

—क्षितीशचन्द्र चक्रवर्ती

कैवल्य कुञ्जिका

श्रोत्रिय ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती
(एम० ए०, डी० फिल०, बी० एल०) कलकत्ता
संस्थापक—निखिल अद्वैतविश्वविद्यालय, नेपाल

निवेदन

काल भेदले गर्दा अधिकारीहरूमा पनि भेद भएको शास्त्रमा पाइन्छ। परिवर्तनशील प्रकृतिको भिन्न संस्कारको उत्तमता, मध्यमता र मलिनता हुनु स्वाभाविक हो। त्यसैले सृष्टिको आदिमा केवल परमात्मामात्र भएको हुनाले मुमुक्षु थिएनन्, शास्त्र थिएनन्, उपदेष्टा गुरुको पनि प्रयोजन थिएन। सत्य युग (सृष्टिको प्रथम युग) मा केवल प्रणव मात्र थियो। अधिकारीहरू उत्तम थिए। त्रेता युगमा संस्कारमा केही मलिनता आउन थाल्यो। फलस्वरूप वेदहरू उत्पन्न भए। यसै बेला योगवाशिष्ट महारामायणको रचना भयो। द्वापर युगमा धर्मको विशेष ह्रास हुनुको फलस्वरूप महाभारत र पुराण आदिको प्रणयन भयो। त्यसपछि कलियुगमा ज्ञन ज्यादा मानिसहरूको बुद्धि मन्द हुंदै जानुको फलले शास्त्रको आशय बुझ्न मानिसहरू असमर्थ भएका देखिन थाले। तब आद्य जगद्गुरु शंकराचार्यको अवतार भयो र भाष्यहरूको निर्माण गरिदिनु भयो।

ऐले आचार्य शंकरको करीब तेह्र सय वर्ष पछि ब्रह्मवेत्ता श्रीगुरुदेवको आविर्भाव भयो। मानिसहरूलाई सजिलोसित बोध होस यस आशयले सरलातिसरल ढंगले सम्पूर्ण सांगोपांग मोक्ष-मार्गको विस्तृत रूपमा सयौं ग्रन्थहरू द्वारा प्रदर्शन गरिदिबक्स्यो। नेपाली, हिन्दी, बंगला र अंगरेजीमा लिखित यी ग्रन्थरत्नावलीबाट जुन सुकै भाषाभाषीले पनि वेदान्त शास्त्र बुझ्न सक्दछ। त्यति मात्र हैन, ज्ञानको योग्यताप्राप्त गराइदिने योगमार्ग (निष्काम कर्म र भगवद्भक्ति) लाई पनि स्पष्ट रूपले बुझ्न सक्दछ।

अद्वैत संस्थाको इतिहासमा पनि श्रीगुरुदेवबाट मोक्षमार्गमा अग्रसर भएका शिष्यहरूको योग्यता हेरीकन ग्रन्थहरूको रचना गरिदिबक्सेको छ। मोक्षाभिलाषी सज्जनहरूबाट यो रहस्य स्पष्ट रूपमा ज्ञात भएको छ। अर्थात् जति-जति संस्कार विशुद्ध हुंदै जान्छ त्यति-त्यति मोक्षको समीपमा पुग्नु स्वाभाविक हो र मोक्षको अव्यवहित साधन ज्ञानमा प्रवेश सहज हुन जानु अस्वाभाविक हैन।

यही सन्दर्भमा यो "कैवल्य कुञ्जिका" ग्रन्थरत्न" हाम्रो समक्ष आएको छ। आज उत्तम संस्कार-सम्पन्न मुमुक्षुहरू यही ग्रन्थबाट विशेष आकृष्ट भएर एकाग्रताका साथ यही ग्रन्थ पठदै ज्ञानलाई अत्यन्त सहज तुल्याउन उत्सुक बनेका देखिन्छन।

यो ग्रन्थ श्रीगुरुदेवको मुखारविन्दबाट प्रत्यक्ष सुन्ने र लेख्ने मलाई पनि अवसर मिल्यो। त्यो अवसर प्राप्त भए देखि म यही ग्रन्थरत्नको अध्ययन अनुसन्धानमा निरत भएको छु। मेरो हातबाट श्रीगुरुदेव-रचित पचासौं ग्रन्थ लेख्ने र छपाउने आदि काम भए तर यो ग्रन्थको म जति सती गएकोछु त्यति अरू ग्रन्थबाट म यति सारै स्थायी रूपमा प्रभावित भएकोथिइन। मैले उत्तरोत्तर आफूमा यस प्रकारको धारणा बन्दै गैरहेको महसूस गरिरहेकोछु—'आखिर मेरो निमित्त मोक्षप्राप्तिका अन्तिम ग्रन्थ यही नै बन्न गएको छ', जस्तो कि यो ग्रन्थका सम्बन्धमा श्रीगुरुदेवबाट आज्ञा भएको छ—"यो ग्रन्थ मेरो अन्तिम हो र यसमा ज्ञानको कुरा पूरा राखिदिएकोछु"।

धेरै जन्मको पुण्योदयबाट ज्ञानी गुरु पाएँ। संस्था मिल्यो। श्रीहस्तामलक (गोविन्दराम सरस्वती), श्रीपद्मपाद (ज्ञानहरि सरस्वती) श्रीआनन्द ज्ञान (बसन्तलाल सरस्वती) र श्रीत्रोटक (अनन्तलाल सरस्वती) जस्ता मुमुक्षु मित्रहरूका बीच समय

बिताउन्न पाएँ। संस्थाको माध्यमबाट निरन्तर सत्संगमा भाग लिने अवसर मिल्यो। यही कारण हो कि सर्वोत्तम यो ग्रन्थरत्न हातमा पऱ्यो। यसमा उपदिष्ट ज्ञानसाधन अब मेरो निमित्त प्राण बन्न गएका छन्। यत्ति हो मेरो यो अमूल्य पुस्तकको बारेमा—निवेदन।

गुरुचरणरजः
ज्ञानेश्वर सरस्वती "देवेश्वर"

भूमिका

यो कुञ्जिका जसमा मोक्षको लागि सारा आवश्यक साधनहरू विद्यमान छन्, ईश्वरको अनुग्रह द्वारा अखिल अद्वैत विश्वविद्यालय-का सभापति श्री वसन्तलाल सरस्वतीज्यू को साक्षिस्वरूपको विशद ज्ञानको इच्छा देखिकन परम पूज्य श्री गुरुदेव द्वारा आफ्ना शिष्य-हरूको आजसम्म बनेको सरल नेपाली ग्रन्थहरूमा प्रतिपादन गर्न बाँकी रहेको अनिवार्य विषयहरूलाई यस ग्रन्थरत्न द्वारा पूरा गरी बक्सी यो अन्तिम ग्रन्थ जाहाँ आत्मस्वरूपको परिचय र प्राप्तिको उपाय प्रदर्शन गरिएको छ। जसको सहारा द्वारा साक्षी-स्वरूपको लङ्घन गर्न समर्थ भएर अज्ञान विनिर्मुक्त आफ्नो वास्तव ब्रह्मस्वरूपलाई समाधिको सहारा द्वारा जानीकन अत्यन्त सुखी बन्न सकिहाल्छ—रचना गरीदीबक्सेकोछ।

यो ग्रन्थ लेख्नेबेलामा स्वास्थ्यको कमिले श्री वसन्तलालज्यू उपस्थित हुन न सके तापनी वाहाँको आकांक्षा पूर्ति गर्न र आफ्नो उद्धारको लागि ईश्वरबाट प्रेरित भैकन निम्नलिखित हामी आयौं। फलस्वरूप श्री गुरुदेवको सेवा र ग्रन्थनिर्माण समयमा बेदान्तको अत्यन्त मार्मिक सुषुप्ति, समाधि र साक्षात्कार जस्ता गम्भीर विषयहरूको र अद्वैत संस्थारूप माध्यम द्वारा श्री गुरुले शंकराचार्य का पाला देखियता कतै र कुनै विद्वान हरूले प्रतिपादन नगरेको र जसको सहारा द्वारा मात्र वर्तमानकालमा वास्तव ज्ञानी बन्न सक्छ। जसको अभावले आजसम्म कोही पनि ज्ञानि निस्कन सकेको छैन, त्यो अत्यन्त प्रयोजनिय विषय जुन विषयलाई भगवान शंकरके पनि स्पष्ट गरेर जान्नु भएन जस्को जिम्मेवारी अद्वैत संस्था

माथि छाडेर जानुभयो त्योहो सृष्टि को बाट भयो ? यो सन्दर्भमा । जस्को विस्तृत विवेचन सृष्टिसमीक्षानामक हिन्दी ग्रन्थमा गरी-एकोछ। त्योहो प्राज्ञ—साक्षी, र अज्ञात आत्मा किम्बा सौषुप्त आनन्दमय विषयमा।

श्री गुरुदेवबाट आज्ञाभयो जस्तो भृगुको सम्वादमा जसबाट "सृष्टि स्थिति र लय हुन्छ त्यसलाई ब्रह्म भनि जान" यस्मा सारा शास्त्र रूपमा किम्बा शङ्करको भाष्य रूपमापनि स्पष्ट विवेचना छैन। किनकि आनन्दमयको पाँच अवयवभित्र कारणानन्दरूप मोक्ष आनन्दमयको र ब्रह्मानन्दको विस्तृत बयान पाईन्छ। यसबाट ब्रह्मलाई भेटाउन संभव छैन किनकि प्रियादि वृत्ति जहाँ-विलीन हुन्छन् त्यो अज्ञान प्रतिविम्व भोक्ता किम्बा प्राज्ञ अज्ञाना-नन्दबाट, सृष्टिहुनु संभव छैन अज्ञान सम्वन्ध रहीत ब्रह्मबाटपनि सृष्टि दन्न सक्दैन यसप्रकारले ब्रह्मलाई फेलापार्ने उपाए आजको जगतमा वन्दछ। फलस्वरूप ठुला-ठुला विद्वान हरूछन् र उनि हरूबाट धेरै ग्रन्थहरू निर्माण भएको छ तर त्यसबाट कोही पनि ज्ञानी निस्कन सकेका छैनन्।

एही गाँठो जो कसैले फुकाउन सकेका छैनन् र जसको विचार बाट कारणानन्दको लङ्घन गरीकन ब्रह्मको लक्षण आफुमा घटनसक्छ त्यो भोक्ता किम्बा कारणानन्दको साक्षी, प्राज्ञ अज्ञात आत्मा बाट यो सृष्टि आदि भयको छ, त्यसको सहारा द्वारा नै भृगुले विचार-पूर्वक आफ्नो वास्तव अज्ञानरहित ब्रह्म स्वरूपलाई जान्न सकेको थियो।

यो अत्यन्त आवश्यक शास्त्र लुकेको र मुमुक्षुहरूको लागी मुक्तिको ढोका (कुञ्जि) खुल्ने त्यो प्राज्ञभावबाट विमुक्त हुने—साँचो यो कैवल्य कुञ्जिकामा अत्यन्त सरल रूपले प्रतिपादन गरी बक्स्यो।

यो सुवर्ण मौंकामा उपस्थित हुन नसक्ने अत्यन्त गुरुभक्त शिष्य पद्मपाद शिष्य वर्गहरू र मोक्षाभिलाषी जनको मोक्षाकांक्षा लायि यो ग्रन्थले पूर्ण गरी दिएको छ।

दयाका मूर्त्ति वर्तमान युगका बशिष्ट, याज्ञवल्क्य सदृश श्री परम आदरणीय संस्थापक श्री गुरुदेवको भगवान पशुपतिनाथ संग चिरायुको कामना गर्द छु।

यस्तो ग्रन्थरत्न प्रगट गरी दिनुमा निमित्त बन्नुको साथै श्री गुरुको आज्ञानुसार आफै बाट प्रकाशन गरी दिनु हुनो श्री वसन्त लालज्युके र वाहाँका सारा परिवारहरूमा हामी संस्थाका समस्त परिवार द्वारा हृदय देखि धन्यवाद ज्ञापन गरेका छौं।

हामि उपस्थित परिवारहरूलाई रहनवस्न अनुकूलता प्रदान गर्नु हुने श्री विरचन्द दाश पार्क सर्कस कलकत्तालाई र यो ग्रन्थ लेख्न व्यवहारिक कठिनाई सहन गरी साथै गुरुको आज्ञानुसार ग्रन्थ प्रकाशन कार्यभार पनि वहन गरी ग्रन्थलाई काशीमा छपाउन लिएर जानु भयेका यस्ता श्री गुरुभक्त-वैद्य-विश्वनाथ पाण्डेय ज्युलाई धन्यवाद दिएका छौं।

उपस्थित परिवार

केन्द्रबाट—

सभापति—गोविन्दराम सरस्वती
सचिव—देवेश्वर सरस्वती

नारायणी अंचलबाट—

अंचल उपप्रमुख—हेमनाथ बास्तोला
सचिव—मनवल्लभ उपाध्याय
प्रधानाचार्य शिवशंकर आचार्य

विष्णुप्रसाद भट्टराई
गंगालक्ष्मी चुके
जगन्नाथ शर्मा
वेदान्तशिरोमणी बाबुराम सरस्वती
तुलसीदास लंकुशाखा सचिव
लालबहादुर भण्डारी केशरीबाग शाखा सचिव

लुम्बिनी अंचलबाट—

अंचल उपप्रमुख धर्मनिष्ठ डिल्लीराज सरस्वती
केशवराम ज्ञवाली 'देशिकोत्तम'
लक्ष्मी वज्यै सदस्य अद्वैत संस्था
तिलोत्तमा आचार्यानी ,,
विष्णुप्रसाद गौतम ,,
जनार्दन ज्ञवाली शाखा प्रमुख मानकोट शाखा
सीतादेवि खनाल पाल्पामाडी रूप्से शाखा

प्रधान शाखा वाराणसीबाट—
शाखा प्रमुख—विश्वनाथ पाण्डेयवैद्य,
(आयुर्वेदाचार्य)

समय

गुरुदर्शन समय
२०३२।५।१६
अपराह्न १ बजे

विदाई समय
२०३२।५।२३

गोविन्दराम सरस्वती
सभापति
अद्वैत संस्था, नेपाल

प्रकाशकीय

आज हाम्रो पुण्य फलीभूत भएको स्पष्ट देखिन्छ। कारण "कैवल्य कुञ्जिका" जस्तो मोक्षोपाय कुञ्जिका हाम्रो हातमा सुप्राप्त भै रहेको छ।

ऐलेसम्म सत्संग, अद्वैत संस्थाको सेवा आदि गर्दा गर्दै पनि हाम्रो ज्ञान सुस्पष्ट भएको छैन होला भनेर परम दयालु पूज्य गुरुदेवले हामीलाई छोटो सजिलो र मिठो अनुभवमा घटने उपदेश यो ग्रन्थरत्नमा दिवक्सेको छ।

यही आफू हो बुद्धि वृत्तिको साक्षी देखाईकन अन्तमा आनन्दमयकोष (भोक्ताभाव) को परित्यागपूर्वक भोक्ताको साक्षी-भावको पनि उल्लंघनपूर्वक अचेत्य चिन्मात्र ब्रह्मस्वरूपमा हामीलाई पुऱ्याउन प्रवल प्रयत्न पूज्य गुरुदेवले गरिबक्सेको छ। चिन्मात्र ब्रह्म रूपले अवस्थान बिना अविनाशी सुख प्राप्त हुदैन। त्यसैले अत्यन्त श्रद्धाले यो "कैवल्य कुञ्जिका" लाई हामीले अवलम्वन गऱ्यौं भने हामी सजिलो संग परम सुखी बन्न सक्छौ।

यो कुञ्जिका प्रकाशनमा मलाई श्रीगुरुदेवबाट जो आज्ञा बक्स्यो यसबाट म धन्य बनेको छु। मोक्ष हुन इच्छा हुने सज्जनको लागी यो ग्रन्थ अमृत तुल्य बन्नेछ।

अन्तमा पूज्य गुरुदेव प्रति हार्दिक कृतज्ञता साथ समर्पित छु।

दिनांङ्क २०३२।७।९।१
नारायणगढ़
चितवन, नेपाल।

प्रकाशक
बसन्तलाल "सरस्वती"
(आनन्दज्ञान)

श्री बसन्तलाल चुके
"अद्वैत हृदय"
(नारायण गढ़-नेपाल)

(प्रथम खण्ड)

विषय-सूची

विषय	पृष्ठ संख्या
१. **प्रथम भाग**—आत्मपरिचय	१
२. आत्मस्वरूपको प्रथम परिचय	५
३. आत्मस्वरूपको द्वितीय परिचय	१२
४. साक्षिभाव हो विषयको उन्मुखता किम्वा त्रिपुटी उत्पत्तिको बीज	१३
५. ज्ञान कस्को हुन्छ ?	२०
६. ब्रह्मज्ञान प्रत्यक्ष हुनु सम्भव हुन्छ	२४
७. **द्वितीय भाग**—आत्म प्राप्तिको उपाय	२७
८. आत्मस्वरूप प्राप्तिको प्रथम साधन (अर्थानुविद्ध समाधि)	३०
९ आत्मस्वरूप प्राप्तिको द्वितीय साधन (शब्दानुविद्ध समाधि)	३४
१०. आत्मस्वरूप प्राप्तिको तृतीय साधन (अननुविद्ध समाधि)	३९
११. निर्विकल्प समाधिको लक्षण	४०
१२. सविकल्प र निर्विकल्प समाधिको भेद	४१
१३. निर्विकल्प समाधिको भेद	४२
१४. निर्विकल्प समाधिको दुई प्रकार	४३
१५. लय, विक्षेप कषाय र रसास्वादको निरूपण र अभाव साधन	४५
१६. राग आदि दोषको उद्भूत संस्कार	४६
१७. विक्षेप र कषाय	४७
१८. रसास्वादको दुई अर्थ	४८
१९. अभ्यास र साक्षात्कार	५१
२०. परिशिष्ट	५३

●

द० ६२४६
त्रा०वि०पीठ, पुस्तकालय
मू० ५।—

प्रथम भाग

आत्मपरिचय

आत्मा साक्षीमात्र हैन किन्तु ब्रह्म हो । जो वस्तु हो एक परमार्थसत्य त्यसलाई ब्रह्म किम्बा परमात्मा भनेको छ । ब्रह्म हो देश, काल र वस्तु यो तीन प्रकारको परिच्छेद देखि रहित, त्यसकारण व्यापक नित्य र सर्वात्मा । त्यसकारण ब्रह्मलाई, अखण्ड भनेको छ । ब्रह्म किम्बा परमात्मा हो एकरस वस्तु; अर्थात् अतीत, वर्तमान र भविष्यत् यो तीन कालमा एकरूप । जो अखण्ड र एकरस हो त्यो हो सच्चिदानन्द । जस्तो कल्पित सर्पको आधार हो डोरी, त्यस्तै शरीरको बाहिर अवस्थित सारा नाम र रूपमा (सारा पदार्थमा) जो व्याप्त भएको छ, त्यो हो सच्चिदानन्द लक्षण परमात्मा ।

परमात्मा सर्वव्यापक र सर्वात्मा भएको हुनाले त्यो हो प्रत्यग् आत्मा किम्बा साक्षीदेखि अभिन्न । जसलाई जीवात्मा भनेको छ अर्थात् जो शरीरको भित्र अहं आदि सारा दृश्यको (सारा अन्तःकरण वृत्तिको) प्रकाशक र अहं वृत्तिको अवलम्बनरूप त्यो नै हो प्रत्यक् चैतन्य ।

यसरी साक्षिचैतन्य किम्बा प्रत्यगात्मा हो वास्तवमा अहं आदि सारा बुद्धिवृत्ति देखि पृथक्—अर्थात् एक अद्वितीय शुद्ध चैतन्य हो प्रत्यगात्मा र परमात्मारूप कल्पित दुई विभागको अधिष्ठान मात्र। वास्तवमा ब्रह्म हो निर्विभाग, सारा भेदरहित, शुद्ध चैतन्य वस्तु । त्यो स्वयंप्रकाश भएको हुनाले वाणी र मनको अगोचर हो । प्रत्यग् अभिन्न भएको हुनाले यसलाई ब्रह्मात्मा किम्बा आत्मब्रह्म भनेको छ ।

यो अखण्ड एकरस वस्तुलाई कुन उपायबाट सम्यक् रूपले जान्न सकिन्छ ? यसको जबाफमा केनोपनिषद्मा भनिएको छ कि त्यो प्रतिबुद्धिवृत्तिमा विदित (ज्ञात) हुन्छ । किनकि सारा अन्तःकरणवृत्ति नै आत्माद्वारा प्रकाशित (साक्षीद्वारा अवभासित) हुन्छ। घट पट आदि-विषयक सारा बुद्धिवृत्तिमा प्रत्यक् आत्मा प्रकाशक रूपले विद्यमान रहन्छ । त्यसकारण चित्तमा उठेको सारा विकार किम्बा वृत्तिलाई जसले साक्षात् जान्दछ त्यो अद्वैत वस्तु तिम्रो अनुभव हो ब्रह्मसाक्षात्कार[१] ।

---

१. "क्षेत्रज्ञलाई मेरो स्वरूप (ब्रह्म स्वरूप) भनी जान्नुपर्दछ", "प्रज्ञान हो ब्रह्म" (साक्षी रूपमा अनुभूयमान आत्मा हो ब्रह्म" साक्षी रूपले अनुभूयमान आत्मा हो ब्रह्म" आदि स्मृति र श्रुति वाक्य हो यसमा प्रमाण (क्षेत्रज्ञ, प्रज्ञान आत्मा र साक्षी हो पर्यायवाचक) ।

जब सम्म चित्त रहन्छ तब सम्म (सविकल्प समाधि सम्म) साक्षिरूपता विद्यमान रहन्छ । किनकि तत्कालमा चित्तको आत्माकार वृत्तिको प्रकाशन आवश्यक हुन्छ । किन्तु "म हुँ शुद्ध चैतन्य" यसप्रकार चिदाकार वृत्तिको अभ्यास हुँदै गए चित्त क्रमले निश्चल (सारा वृत्तिदेखि रहित) भैहाल्छ र एक गंभीर मौनावस्था आइहाल्छ । त्यसवेला आत्मानुभवको अलौकिक सुखको उपलब्धि हुन्छ र भित्रबाहिर कुनै पदार्थको पनि अनुभव हुन पाउँदैन । केवल परिज्ञात ब्रह्मस्वरूप अनुभूत भैहाल्छ । यसप्रकार निर्विकल्प समाधि दशामा वृत्तियुक्त चित्त नभएको हुनाले साक्षिभाव विनष्ट हुन्छ । वृत्तिरूप सारा दृश्य विलीन भएको हुनाले द्रष्टा भाव पनि रहँदैन); केवल प्रतियोगीरहित अद्वैतब्रह्म स्वयं प्रकाशित हुन्छ[१] ।

विवेक चूडामणिमा शंकर भन्नु हुन्छः—"परिपूर्णं निर्विकल्प ब्रह्मात्म स्वरूपमा बुद्धिको साक्षीलाई पनि विलापन गरीकन परम शान्तिलाई अनुभव गर ।

१. जपा फूलको नजीकमा स्फटिक रातो देखिन्छ; ठीक त्यस्तै वृत्तियुक्त चित्तसित मिलेको आत्मा चित्तवृत्तिहरूको प्रकाशक रूपले (साक्षीरूपले) प्रतीत हुन्छ । जपा फूललाई हटाईकन स्फटिकलाई नदेख्नुसम्म जस्तो स्फटिक हो वास्तवमा श्वेत, यसप्रकार अनुभव

निर्विकल्प समाधि प्राप्त भएमा नै व्युत्थान दशामा (व्यवहार कालमा) जब चित्तवृत्ति उदित हुन्छ तब विविक्त (वृत्तिदेखि पृथक् कृत) चिदात्मस्वरूपको अनुभव संभव हुन्छ। नभए आत्मा बुद्धिवृत्तिको भाव र अभावको साक्षीरूपले ज्ञात भैरहन्छ; ब्रह्मस्वरूपले परिज्ञात हुँदैन । फलले सारा दुःखको निवृत्तिपूर्वक निरतिशय आनन्दको अनुभव हुन सक्दैन । त्यसकारण यसको निमित्त यो लघुग्रन्थमा अद्वैतानुभवको उपाय क्रमिक रूपले प्रदर्शित हुनेछ ।

●

हुन सक्दैन। ठीक त्यस्तै चित्तलाई सम्पूर्ण वृत्तिरहित नतुल्याउनुसम्म (चित्तको वृत्तिरहित स्थितिलाई निर्विकल्पसमाधि भनेको छ) आत्माको चिदानन्द स्वरूपताको अनुभव (सत्वापत्ति किम्वा ब्रह्मस्वरूपको प्राप्ति) सम्भव हुँदैन ।

आत्मस्वरूपको प्रथम परिचय

१. आत्मा हो सारा बुद्धिवृत्तिको प्रकाशक

म बाह्य विषय हैन र शरीर पनि हैन, किनकि तिनीहरू इन्द्रिय द्वारा देखिन्छन्। आँखा इन्द्रिय हो देहादि विषयको अस्तिताको साधक (देहादिको द्रष्टा) जब नेत्र इन्द्रिय देहादिलाई जान्दछ किम्बा ग्रहण गर्दछ तब देहादि विषयसित हाम्रो सम्बन्ध कसरी हुन सक्छ ? म त देहादि विषयको द्रष्टा हैन।

म इन्द्रिय हैन; किनकि वृत्तियुक्त अन्तःकरण हो इन्द्रियको अस्तिता र प्रवृत्तिको साधक (अर्थात् मन हो इन्द्रियको द्रष्टा, म हैन)। जो जसको साधक हो त्यो त्योसित सम्बन्धयुक्त हुन्छ; मन इन्द्रियको साधक भएको हुनाले इन्द्रिय हो मनको, मेरो हैन। मन क्रियाशील भए आँखा इन्द्रिय अस्तितायुक्त हुन्छ र कर्ममा प्रवृत्त हुन्छ। सुषुप्ति आदि अवस्थामा मन नभएको हुनाले इन्द्रियको अस्तित्व र प्रवृत्ति बुझ्नमा आउँदैन। म बुद्धिवृत्तिहरूलाई जान्दछु (प्रकाश गरिराख्छु); त्यसकारण महुँ

बुद्धिवृत्ति हरूको द्रष्टा। बुद्धिवृत्तिहरू हो दृश्य (मबाट प्रकाशित)। किनकि मन जब कुनै विषयमा जान्छ (कुनै विषयको चिन्तन गर्छ) तब त्यो म जान्दछु अनुभव गर्दछु)। यसबाट सिद्ध हुन्छ कि मनको अस्तितता हो द्रष्टारूप मेरो अधीन। त्यसकारण मनको द्रष्टा हुँ म। यसरी आत्मा हो मनको साक्षी; यो हो आत्माको प्रथम परिचय।

साक्षी चैतन्य कसैको दृश्य हैन। त्यसलाई पनि दृश्य माने अनवस्था दोष प्राप्त हुन्छ र परिणामले जगत-को अप्रकाश प्रसंग प्राप्त हुन्छ। यसरी साक्षी हो स्वप्रकाश अन्य निरपेक्ष र चरम द्रष्टा यो सिद्ध भयो।

प्रश्न—यसको तात्पर्य के हो ?

उत्तर—जसलाई छोडेर जुन वस्तुको द्रष्टृता संभव छैन त्यो दुवै हो एकै वस्तु। जस्तो उष्णता बिना आगा-को स्वरूप सिद्ध हुँदैन, त्यस्तै स्वरूपभूत प्रकाश बिना सर्वद्रष्टृता (साक्षिता) संभव छैन। यसरी देहादि विषय इन्द्रिय र मनलाई दृश्यरूपले निश्चय गरीकन त्यो सारामा अनुगत, दृश्यबाट पृथक् चिदेकरस प्रत्यग् आत्मालाई अन्तःकरण विशिष्ट प्रमाताको पनि भित्र स्थित, अन्तः-करण द्वारा अस्पृष्ट शुद्ध आफ्नो वास्तव स्वरूप भनी अनु-भव गर्नुपर्दछ।

प्रश्न—साक्षिस्वरूप हो सर्वान्तर आत्मा यो स्पष्ट गरीकन बताउनु होस ।

उत्तर—आगासित संयोग भए जस्तो फलामको डल्लो डढाउँछ भनी प्रतीत हुन्छ किन्तु त्यो हो मिथ्या, त्यस्तै साक्षी-चैतन्यको प्रतिफलनरूप सम्बन्धवशात् अन्तःकरण प्रमाता प्रमिति र प्रमेय यो त्रिपुटी रूपले नाना आकारमा आकारित भै रहन्छ । त्यसकारण अन्तः-करण विशिष्ट प्रमाता (ज्ञाता) हो कल्पित । यो कल्पित साभास सात्त्विक अन्तःकरण वृत्ति (प्रमाता) हो साक्षी द्वारा प्रकाशित । त्यसकारण साक्षी हो दृश्य प्रमाताको पनि भिन्न अवस्थित; मिथ्या दृश्यको भिन्न स्थित सत्य द्रष्टा किम्बा दृक् वस्तु ।

यो साक्षी आत्मा हो अन्तःकरण वृत्तिको प्रकाशक । अन्तःकरण वृत्ति उत्पन्न हुन्छ बिनष्ट र हुन्छ । किन्तु आत्मस्वरूप सधैं प्रकाशित रहन्छ । आगो जस्तो सधैं उष्ण रहन्छ । साक्षी आत्माको यो स्वरूपभूत प्रकाश कहिले पनि विलुप्त[1] हुँदैन । विषयको आकारमा आकारित

---

१. किन्तु अन्य निरपेक्ष भएर विकारशील पदार्थ हरूलाई (सारा अन्तःकरणका वृत्तिहरूलाई) अवभासित गरि रहन्छ। अपृथक् रहीकन सारा विकारको साक्षी भएको हुनाले साक्षि चैतन्यको विकारिता संभव छैन ।

बुद्धिवृत्ति त्यो विषयलाई प्रकाश गर्छ; किन्तु आत्मालाई प्रकाश गर्न सक्दैन। आत्मा हो स्वयं प्रकाशमान। बुद्धि जब आत्म ब्रह्म स्वरूपमा अभिन्न भएर स्थित हुन्छ तब त्यो अखण्डाकार बुद्धि द्वारा आत्माको अनुभव संभव[1] हुन्छ।

२. आत्मा जाग्रदादि अवस्थायुक्त हैन; त्यो अवस्थाहरू हो बुद्धिको

चिदात्मा स्वप्रकाश रूपले स्वयं सर्वदा भासमान भैराखे तापनि आफू वास्तवमा निर्विशेष भएको हुनाले विशेष रूपले भासमान हुँदैन। किन्तु त्यस्मा अध्यस्त जो अनादि अनिर्वचनीय अज्ञान हो त्यो जब त्यसको कार्य (कर्मबाट उद्भूत संस्कारविशेष रूपले) अन्तःकरणको आकार धारण गर्दछ, तब त्यसमा अवभासक रूपले साक्षी अनुस्यूत हुन्छ र बुद्धिको आकार धारण गरीकन प्रकाशित हुन्छ। यसरी बुद्धि र आत्मा अभिन्न रूपले अवभासित भएको हुनाले आत्मा सविशेष भनी प्रतीत

१. अभिप्राय यो हो कि युष्मत् प्रत्ययको विषय जो अन्तःकरणका वृत्तिहरू हो त्यो हो दृश्य; र अस्मत् प्रत्ययको अवलम्बन रूप जो प्रत्यक् चैतन्य (साक्षी) हो त्यो हो दृक्। त्यसकारण प्रत्यक् चैतन्य नै हो पर ब्रह्म।

हुन्छ । यसरी साभास बुद्धि (१) अहंकार र (२) अन्तः-करण यो दुई रूपले परिणत हुन्छ र चित्स्वरूप आत्मामा कर्ता र करणभावको (विशेष व्यवहारको) प्रवर्तिका भैहाल्छ । आत्मस्वरूपमा जो अवस्थात्रयको अवभास हुन्छ र संसार प्रतीत हुन्छ, त्यो अहंकाररूप अध्यासको (भ्रमको) परिणामले संभव हुन्छ । सुषुप्ति अवस्थामा जब अहंकार अज्ञानरूप कारणमा लय हुन्छ तब स्थूल शरीर बाहिरी घटादि पदार्थ झैं चेतनारहित भैहाल्छ । देहमा चेतनताको प्रतीति साभास अहंकार द्वारा व्याप्तिको फलले संभव हुन्छ र अहंकारको वियोग कालमा (सुषुप्ति कालमा) देह अचेतन हुन्छ । देह वास्तवमा हो अचेतन वस्तु ।

अहंकारको लय भए जस्तो सुषुप्तिअवस्थासित योग हुन्छ, त्यस्तो अहंकारको स्थिति कालमा जाग्रत र स्वप्ना-वस्था प्राप्त हुन्छ । स्वतः आत्माको जाग्रत आदि कुनै अवस्था छैन । अवस्थात्रय हो बुद्धि सित अध्यासको फलरूप (वास्तव हैन) ।

अहंकारको लय र स्थिति (कर्ताको व्यापार) देखाइयो । अब करणको क्रियारूप स्वप्न र जाग्रत देखाइन्छ । चिदाभाससित तादात्म्य प्राप्त अन्तःकरण-

वृत्ति स्वप्नमा वासनाहरूलाई कल्पना गर्दछ र जाग्रत कालमा इन्द्रियको सहारावाट शब्दादि विषयहरूलाई कल्पना गर्दछ। बाहिरी विषयहरू ईश्वरबाट सृष्ट भए तापनि अन्तःकरण द्वारा कल्पित हुनु अयुक्त हैन। शब्दादि विषय मात्र हो ईश्वर द्वारा सृष्ट; किन्तु तिनी-हरूको भोग्यता अन्तःकरण द्वारा कल्पित हुन्छ। यसरो यो सिद्ध भयो कि कर्ता र करणभावयुक्त अन्तःकरण नै जाग्रत आदि अवस्था प्राप्त हुन्छ र त्यो नै जन्म ग्रहण गर्दछ र मरण प्राप्त हुन्छ। साक्षी स्वरूप आत्मामा कुनै अवस्था छैन र जन्ममरण रूप कुनै विकार पनि छैन।

प्रश्न—विषयको अनुभव मिथ्या किन हो ?

उत्तर—विषयानुभवरूप अर्थको प्रकाशन (या बुद्धि) हो जन्य पदार्थ; जस्तो प्रदीपको प्रकाश—आफूको आश्रय द्रव्य, तेलबत्ती भएमानै संभव हुन्छ। किन्तु आत्मप्रकाश हो अजन्य। त्यसकारण विषयानुभवलाई भ्रमरूप भनी स्वीकार गर्नुपर्द छ। यो भ्रम सत्य र मिथ्या दुवैको संयोगवशात् संभव हुन्छ। चिदात्मामा अध्यासद्वारा उत्पन्न भएको अहंकार—चैतन्यको छाया द्वारा व्याप्त भैकन—चिदाभासयुक्त भए विषयसम्म त्यसको जो दीर्घीभावरूप वृत्ति हो ('म यो देख्दछु') त्यो

नै हो विषयको अनुभव र त्यस प्रकार वृत्तिको आश्रय-रूप अहंकारसित अभिन्न रूपले प्रतीत भैकन (साक्षी आत्मा प्रमाता बनीकन) जाग्रत अवस्था प्राप्त भैं हुन्छ। अहंकारको विकाररूप यसप्रकार विषयानुभव चिदा-भासयुक्त अहंकारमा नै संस्कार रूपले विलीन भैहाल्छ। अन्तःकरण निद्रा आदि दोषबाट अभिभूत भए त्यो संस्कारलाई जगाइहाल्छ र ग्राह्य र ग्राहकरूप धारण गर्दछ, तब त्यो अन्तःकरणको अधिष्ठानरूपले साक्षिचैतन्य त्यो अन्तःकरणमा अनुगत भैकन स्वप्नावस्था भैं प्राप्त हुन्छ। यसरी अहंकाररूप उपाधि वशात् आत्माको जाग्रत आदि अवस्थात्रय घटि हाल्छ; आत्माको स्वभाववशात; हैन।

आत्मस्वरूपको द्वितीय परिचय

(म साक्षी हैन, म हुँ ब्रह्म)

१. आपनो साक्षिस्वरूपको विवेक (त्वं पदार्थको विवेक) भए तापनि तत्पदार्थको (ईश्वरको) विवेचन बाँकी रहन्छ। अन्तःकरण संसारको निर्वाहक भए तापनि त्यसको मूल कारण जो अविद्या, अज्ञान, तमः किम्बा मोह हो त्यसको निरूपण आवश्यक हुन्छ। आफू साक्षी चैतन्य हो भनी सिद्ध भए तापनि जगतको कारण भगवान म बाट पृथक् वस्तु भनी बाँकी रहन्छ। त्यस-कारण तत्पदार्थको पनि विवेक आवश्यक रहन्छ। विराट् रूप सारा प्रपंचको जो मूल कारण अनिर्वचनीय माया हो त्यसको स्वरूप प्रदर्शनपूर्वक प्रत्यक्ष आदि प्रमाण द्वारा सिद्ध भूत र भौतिक जगतरूप कार्य मिथ्या हो भनी प्रमाण (तत्पदार्थको शोधन) गर्नु पर्दछ। तब नै अद्वितीय ब्रह्मात्मस्वरूपको सिद्धि संभव हुन्छ। अन्तःकरणको कारण जो अज्ञान हो त्यसले अन्तरात्माको परिपूर्ण, अखण्ड, अद्वय ब्रह्मरूपतालाई आच्छादन गरीकन (प्रतिबद्ध गरीकन) त्यो आत्मस्वरूपलाई नै भोक्ता

नियन्ता र भोग्य यसप्रकार धेरै आकारमा नाना प्रकारले विस्तीर्ण (विस्तृत) गरिदिन्छ। यो आवरण र विक्षेप अनिर्वचनीय अज्ञानद्वारा कृत भएको हुनाले मिथ्या हो, पारमार्थिक हैन। अज्ञानको यो आच्छादक र विक्षेपक शक्ति दुइवटा हो सहज सिद्ध। यो अज्ञान हो चैतन्यको आश्रित। आत्मामा अध्यस्त भएको— हुनाले अज्ञान आत्मसत्तावाट सत्तालाभ गर्दछ र त्यो सत्ताबाट नै आवरण र विक्षेप गर्नुको सामर्थ्य प्राप्त गर्छ। आवरण शक्ति—आत्मचैतन्यको आभासद्वारा अनुबिद्ध भएर—विक्षेप शक्तिलाई प्राप्तगर्छ।

यसरी दृश्यमान भूत भौतिक जगतको उपादान र निमित्त कारणलाई—श्रुति र युक्ति द्वारा विचार गरेपछि —पारमार्थिक भनी प्रमाणित हुँदैन किन्तु मायामय हो भनी सिद्ध हुन्छ। जुन जगत मायाद्वारा रचित हुन्छ त्यो मिथ्यानै हुन्छ। साक्षिभास्य चित्तवृत्ति जस्तो मिथ्या हो त्यस्तै अविद्या[1]वृत्ति (साक्षीको उपाधि र त्रिपुटी उत्पात्तिको हेतु) र मायावृत्ति (जगत उत्पत्तिको हेतु) हो मिथ्या। यसरी एक अद्वितीय प्रत्यग् अभिन्न ब्रह्म सिद्ध

---

१. अविद्या भन्नाले व्यष्टि वासना लाई वुझ्नुपर्दछ।

हुन्छ; अर्थात् म हुँ ब्रह्म (साक्षीमात्र हैन) यो सुस्थित भयो।

२. आत्मामा जस्तो जीवभाव (अहंकार प्रमाताभाव) छैन; त्यस्तो (जगत् स्रष्टा) ईश्वर भाव पनि छैन। जीव जगत र ईश्वर भाव हो अज्ञानद्वारा (विक्षेप शक्ति द्वारा) कल्पित। सृष्टि मायामय भएको हुनाले ब्रह्म वास्तवमा जगतको कारण हैन (डोरी वास्तवमा सर्पको कारण हैन)। पानीमा जस्तो फेन आदि देखिन्छ (त्यो पानीदेखि भिन्न हैन) त्यस्तो परिदृश्यमान सारा जगत चिदात्मादेखि भिन्न हैन (किनकि जगत् को भिन्न सत्ता र स्फूर्ति छैन)। ब्रह्म हो सद्रूप (सधैं एकरूप); चिद्रूप (सर्वदा अलुप्त प्रकाश) र आनन्दरूप (अजन्य आनन्द)। किन्तु जगत हो तुच्छ दुःखाकार र दृष्ट नष्ट स्वभाव (स्वप्न तुल्य)।

भित्रको अनुभवमा जसले द्रष्टा र दृश्यको भेदलाई ढाकिदिन्छ र बाहिरी अनुभवमा जसले प्रपञ्च र ब्रह्मको भेदलाई तिरोहित गर्छ त्यो हो आवरणशक्ति। देहादि देखि आत्मा भिन्न भए तापनि आवरण शक्ति द्वारा आत्माको चिद्रूपता आच्छादित भएको हुनाले "म हुँ देह" यस प्रकार बुद्धि हुन्छ। आफूको ब्रह्मरूपतालाई

न बुझ्नु (अर्थात् "म हुँ संसारी मानिस" यसप्रकार निश्चय गर्नु) हो आवरण शक्ति को परिणाम । परिपूर्ण ब्रह्म र मायिक जगत यो दुवैको भिन्न जो भेद छ त्यसलाई पनि अज्ञानले ढाकिदिन्छ (अर्थात् ब्रह्म मिथ्याभूत प्रपञ्च देखि अत्यन्त विलक्षण भए तापनि अज्ञानद्वारा आवृत भएको हुनाले सत्य ज्ञान अनन्त आनन्द र एक रस रूपले ब्रह्म प्रतिभात हुँदैन) । यो आवरण नै हो संसारको आदिकारण; किनकि स्वरूप आच्छादित भएमा नै त्यसमा विक्षेपशक्ति द्वारा नाम रूप (देहादि जगत) कल्पित भैहाल्छ (जस्तो सीपी अज्ञात भए पछि मात्र त्यसमा चाँदी अवभासित हुन्छ, अन्यथा हुँदैन) ।

प्रश्न–अच्छा, कर्ता र करणभावयुक्त अन्तःकरण— प्रमाता आदि सारा व्यवहारको निर्वाहक भए तापनि— वस्तुभूत हैन र साक्षीको पनि संसार छैन । त्यसो भए मोक्षको लागि त कुनै अधिकारी हुन पाए न । परिणाम ले मोक्षशास्त्र व्यर्थ सिद्ध भो ।

उत्तर---यो ठीक हैन । आवरणशक्ति कृत अन्योन्य अध्यासको फलले साक्षिस्वरूपमा जीवत्व अवभासित हुन्छ (प्रत्यक् आत्मामा वास्तवमा जीव भाव संभव छैन) । यो आवरण हो दुई प्रकार—(१) ब्रह्म छैन र (२) ब्रह्म

प्रतिभात हुँदैन। जीवको यो दुई प्रकार को आवरण—त्वं र तत्पदार्थको परिशोधनपूर्वक "म हुँ ब्रह्म" यसप्रकार अखण्ड एकरस ब्रह्मात्माको साक्षात्कार द्वारा विनष्ट भए (वासना सहित नष्ट भए) फेरि भ्रान्ति उदित हुन सक्दैन। यसरी साक्षीमा आरोपित जो भेद भावहो—जीव भाव हो दृश्य, वास्तव म (साक्षी) हुँ द्रष्टा—त्यो तिरोहित हुन्छ (अर्थात् साक्षीमा अध्यस्त जीव भाव आत्यन्तिक रूपले नष्ट हुन्छ); साक्षीमा आरोपित जीव भाव झैं ब्रह्ममा आरोपित जगतको सद्भाव पनि निवृत्त भै हाल्छ। यसरी आफ्नो वास्तव आनन्दब्रह्मस्वरूपमा जन्म आदि कुनै विकारको लेशमात्र पनि रहँदैन। यसरी मोक्षशास्त्र व्यर्थ सिद्ध भएन।

प्रश्न—यहाँ सम्म दिइएको उपदेश लाई संक्षिप्त रूपले बताउनु होस।

उत्तर—साक्षी त्वं पदार्थ हो सर्वदा असंग, सारा विकाररहित आत्मा। तत्पदार्थ हो सर्वदा निष्प्रपञ्च निर्विकार ब्रह्म। दुबै पदार्थमा भासमान विशेषता—मायामय भएको हुनाले—तीनै कालमा वास्तवमा छैन। त्यसकारण मायिक कुनै विशेषता आत्मस्वरूपमा संभव छैन। यसरी शोधित तत् र त्वं पदार्थ हो एक (म हुँ ब्रह्म) यो नै हो वेदको महावाक्यको अर्थ।

प्रश्न—म किन साक्षी हैन ?

उत्तर—चित्तादि अन्तःकरण मायाको कार्य भएको हुनाले मिथ्या हो; त्यसकारण जो चाँहि छैन त्यसको साक्षी को हुन्छ ? दृश्य नभए जस्तो त्यस्को द्रष्टा कोही-पनि हुँदैन । त्यस्तो त्रिपुटी मिथ्या भएको हुनाले म त्रिपुटीको साक्षी हैन (ममा दृश्य र द्रष्टा भाव छैन); त्यसकारण म हुँ निराभास ब्रह्म ।

प्रश्न—म हुँ साक्षी यसप्रकार स्वीकार गरे के हानि हुन्छ ?

उत्तर—त्यसो भए जगतलाई साँचो मान्नु पर्दछ । साक्षिभाव स्वीकार गरे जगत् सत्य भनी प्रतीत हुन्छ । यसैले सुषुप्तिसाक्षीलाई (अवस्थात्रय साक्षी किम्बा प्राज्ञ-लाई) जगतको सृष्टिकर्ता भनी भनिएकोछ साक्षिभाव (जगतको दृढ़ संकल्प) न उठे पछि जगत आत्मरूप भनी भासमान हुन्छ (जगत चिन्मात्र रूपले अनुभूत हुन्छ) ।

प्रश्न—साक्षिभावको निरसन कसरी गर्नुपर्छ ?

उत्तर—जो जगतलाई जान्दछ त्यसलाई साक्षी भन्दछ । अन्तःकरण र दृश्य जगतसित साक्षीको सम्बन्ध हुन्छ । साक्षीलाई पारमार्थिक जीव भनी भनेको छ । जुन साक्षीबाट चित्त स्फुरित हुन्छ त्यो त्रिपुटी

साक्षीमा नै चित्तलाई स्थित राख्नुपर्दछ ! त्यसो भए इन्द्रियको अभाव हुन्छ। इन्द्रियको अभाव सम्पादित भए मन निगृहीत (वृत्तिरहित) हुन्छ। मन स्थित भए इन्द्रिय वशीभूत भै हाल्छ। इन्द्रिय वशीभूत भए अद्वितीय आत्मसत्ता हृदयमा भासमान भै हाल्छ यसैलाई निर्विकल्प समाधि भनेको छ। निर्विकल्प समाधि हो निर्विषय चैतन्य स्वरूप पट्टी अभिमुखता (किम्बा अधिष्ठान स्वरूपमा साक्षिभावको विलापन)।

प्रश्न—म को हो ? र जगत के हो ? जगत उत्पत्ति को कारण के हो ?

उत्तर—तिमी हो चिन्मात्रस्वरूप (निष्प्रपञ्च ब्रह्म); जगत हो तिमीमा आभासमात्र। जगतको कारण हो साक्षीमा (जगतको प्रकाशमा) सत्यता बुद्धि। साक्षीभाव हो जगतपट्टी अभिमुखता, त्यो तिमीमा छैन; त्यसकारण त्रिपुटीरूप जगत कसरी सत्य होला ? तिमी (गोविन्द) सधैं आफ्नो वास्तव अद्वितीय ब्रह्मस्वरूपमा स्थित भैराखेका छौ।

प्रश्न—यसमा प्रमाण के हो ?

उत्तर—श्रुति स्मृति हो यसमा प्रमाण। म हुँ ब्रह्म "साक्षीरूपले अनुभूयमान आत्मा हो ब्रह्म" क्षेत्रज्ञ भन्नाले

ब्रह्मस्वरूपलाई बुझ्नु पर्द छ। यस प्रकार आत्म ब्रह्मको एकतामा धेरै प्रमाण छन्। त्यसकारण तिम्रो वास्तव ब्रह्म स्वरूपमा साक्षिभात्र हो आरोपित मात्र। त्यसैले ब्रह्मस्वरूपमा त्यसलाई विलापन गर्नुपर्द छ (ब्रह्मसित त्यसको एकता बुझ्नु पर्द छ।

प्रश्न—साक्षीलाई अज्ञात आत्मा भनी किन भनिन्छ?

उत्तर—जब सम्म त्रिपुटी रहिरहन्छ तब सम्म आत्मालाई साक्षी भनेको छ। त्रिपुटी हो चित्तको वृत्ति (परिणाम); त्यसकारण अज्ञानको कार्य। आत्मा अज्ञान-सित तादात्म्य प्राप्त भएको हुनाले आत्मालाई अज्ञात भनी भनिएको छ। अज्ञात आत्मा किम्बा प्राज्ञ (भोक्ताको साक्षी) बाट जगतको सृष्टि भएको छ (अर्थात् प्राज्ञ हो त्रिपुटीरूप जगतको एकमात्र स्रष्टा)।

प्रश्न—आत्मा कुन वेला ज्ञात हुन्छ?

उत्तर—जब विचार द्वारा साक्षीलाई (साक्षी हो भोक्ताको साक्षी; त्यसलाई) ब्रह्मभनी जानिन्छ तब साक्षी अज्ञान विनिर्मुक्त (ब्रह्म) भैहाल्छ। त्यसकारण आफ्नो वास्तव स्वरूपलाई साक्षी भनी न जानीकन ब्रह्म भनी जान्नु पर्द छ। केवल विचारद्वारा (श्रवण मननद्वारा) साक्षीलाई ब्रह्मभनी निश्चय गर्नु संभव हुन्छ। त्यसकारण

गीतामा (१४।२७) कृष्ण भन्नु हुन्छ "म हुँ ब्रह्मको प्रतिष्ठा"—अर्थात् ब्रह्म साक्षीरूपले विद्यमान रहन्छ; चित्तबाट पृथक् कृत भए (विविक्त भए) साक्षी ब्रह्म रूपले परिज्ञात हुन्छ ।

ज्ञान कसको हुन्छ ?

प्रश्न—"महुँ ब्रह्म" यसप्रकार ज्ञान कसको हुन्छ ? साक्षिचैतन्यको यो ज्ञान हुन सक्तैन; किनकि त्यसो भए साक्षी विकारी भैहाल्छ। चिदाभास अहङ्कारको पनि यसप्रकार ज्ञान हुन्छ भन्नु सम्भव छैन; किनकि अहङ्कार हो ब्रह्म देखि भिन्न त्यस कारण त्यसको यस्प्रकार ज्ञान भ्रान्तिरूप हुन्छ। पहिले पनि भनी सकियो कि साक्षी हो ब्रह्म देखि अभिन्न।

उत्तर—जीवको स्वरूपमा जो आभास हिस्सा छ त्यो आभास हिस्साको ब्रह्मज्ञान हुन्छ (चैतन्य हिस्सा को हैन)। योचिदाभास—को नै १ अज्ञान, २ आवरण, ३ भ्रान्ति, ४ परोक्ष ज्ञान, ५ अपरोक्ष ज्ञान, ६ भ्रान्ति-नाश, र ७ हर्ष यो सात अवस्था हुन्छ ।

"म ब्रह्मलाई जान्दिन" यसैलाई अज्ञान भनेको छ। 'ब्रह्म छैन' र 'ब्रह्म अनुभूत हुँदैन' यसलाई असत्वापादक र अभानापादक आवरण भनेको छ। देह, प्राण,

इन्द्रिय, र अन्तःकरण सहित चिदाभासको जन्म आदि कर्ता, भोक्ता, प्रमाताभावको संसार हो जो आफ्नो साक्षी स्वरूपमा प्रतीति र (संसार को सत्यत्वमा यो प्रतीति) हुन्छ त्यसलाई भ्रान्ति भनेको छ त्यसैलाई अध्यास, विक्षेप एवं शोक पनि भनेको छ ।

'ब्रह्म छैन' यो आवरणको हिस्सालाई 'ब्रह्म छ' यसप्रकार परोक्षज्ञान विनष्ट गरि दिन्छ । किनकि 'सत्य, ज्ञान, अनन्त रूप ब्रह्म छ' यसप्रकार ज्ञानलाई परोक्ष ज्ञान भनेको छ । 'म हुँ ब्रह्म' यसप्रकार अपरोक्षज्ञान हो सारा अविद्या जालको विरोधी । 'म ब्रह्मलाई जान्दिन' यस प्रकार अज्ञान, ब्रह्म हैन र अनुभूत हुँदैन यस प्रकार आवरण । 'म ब्रह्म हैन, किन्तु पुण्य पापको कर्ता एवं सुख दुःख को भोक्ता जीवहुँ' यस प्रकार भ्रान्ति हो अविद्याजाल; यसलाई अपरोक्ष ज्ञान ले नष्ट गरि दिन्छ ।

'मेरो जन्म मरण छैन', 'सुख दुःखको लेश पनि छैन', 'म मा कुनै संसार धर्म छैन', 'महुँ जन्म रहित चैतन्य वस्तु' यसप्रकार सारा अनर्थको निषेध लाई भ्रान्तिनाश किम्बा शोकनाश भनेको छ । जब जीवको संशय रहित निजीस्वरूपको ज्ञान—'महुँ अद्वय ब्रह्म स्वरूप' उत्पन्न हुन्छ तब त्यस्को अजन्य आनन्दको अनुभव हुन्छ । यस लाई हर्ष भनेको छ ।

प्र०—आभासहिस्सा त ब्रह्म देखि भिन्न हो र त्यसकारण मिथ्या । त्यसकारण आभास हिस्साको ब्रह्म-ज्ञान मिथ्यानै हुन्छ ।

उ०—बुद्धिसहित आभासले साक्षीलाई र आभास स्वरूपलाई आफ्नो आत्मा भनी जान्द छ । साक्षीको त ब्रह्मसित सर्वदा अभेद छ (जस्तो घटाकाशको मठाकाश सित सर्वदा अभेद छ); र आभासको—आफ्नो स्वरूप लाई बाध गरिकन—ब्रह्मसित अभेद हुन्छ (जस्तो मुखको प्रतिबिम्ब-प्रतिबिम्बस्वरूपलाई वाध गरिकन—बिम्ब-स्वरूप मुखसिन अभेद प्राप्त हुन्छ) । अर्थात् ब्रह्मसित आभासको बाधसामानाधिकरण्य र साक्षीको ब्रह्मसित मुख्यसामानाधिकरण्य मानिन्छ ।

प्र०—अहंवृत्तिमा साक्षी र आभासको भान क्रम-पूर्वक हुन्छ किम्बा क्रम बिना हुन्छ ?

उ०—'म हुँ ब्रह्म' यसप्रकार अनुभवमा म भन्ने जो साक्षी र आभास यो दुवैहिस्सा बुझाइन्छ त्यो दुई हिस्साको भान एकै समयमा हुन्छ अन्तःकरणसहित जो आभास हो त्यो त साक्षीको विषय भैकन प्रकाशित हुन्छ (साभास अन्तःकरणहो साक्षी भाष्य); र साक्षी स्वयंप्रकाश रूपले-भान प्राप्त हुन्छ (साक्षीचैतन्य सर्वदा स्वयंप्रकाशित भैरहन्छ) ।

प्रश्न—ब्रह्मज्ञान कसरी अपरोक्ष हुन सक्छ ?

उत्तर—इन्द्रियसम्बन्ध बिना प्रत्यक्षज्ञान हुँदैन, यस प्रकार नियम छैन सुख-दुःखको ज्ञान इन्द्रिय द्वारा हुँदैन किन्तु त्यो प्रत्यक्ष हुन्छ । जहाँ विषयसित वृत्तिको सम्बन्ध द्वारा विषयाकार वृत्ति उत्पन्न हुन्छ त्यहाँ प्रत्यक्ष ज्ञान हुन्छ । विषय चेतनको वृत्तिचेतन सित अभेद हुनु लाई प्रत्यक्ष ज्ञान भनेको छ ।

विषयसित वृत्तिको सम्बन्ध कैलेकैले इन्द्रियद्वारा हुन्छ । कैले शब्द बाट हुन्छ; जस्तो 'तिमी हौ दशम पुरुष' यसप्रकार शब्द बाट दशमपुरुषको आफू सित अन्तःकरण वृत्तिको सम्बन्धद्वारा दशमाकार वृत्ति उत्पन्न हुन्छ । 'म हुँ दशम पुरुष' यसप्रकार प्रत्यक्ष ज्ञान हुन्छ ।

त्यस्तैं प्रमाताको जब सुख-दुःख हुन्छ तब सुखाकार-दुःखाकार अन्तःकरणको वृत्ति उत्पन्न हुन्छ । त्यो वृत्तिसित सुख-दुःखको सम्बन्ध हुन्छ । यसरी सुख-दुःखको ज्ञान प्रत्यक्ष मानिन्छ । यसरी साक्षी भाष्य सुख-दुःख पदार्थको ज्ञानमापनि वृत्तिको अपेक्षा हुन्छ ।

त्यो वृत्ति जब इन्द्रिय आदि बाहिरी साधन बाट उत्पन्न हुन्छ तब त्यस्को विषय साक्षी भाष्य भनी मानिन्दैन । सुख-दुःखविषयक वृत्तिको उत्पत्तिमा बाहिरी इन्द्रिय हेतु

हैन; किन्तु जब सुखादि उत्पन्न हुन्छ तब अरू साधनको अपेक्षा बिना सुखाकार-दुःखाकार अन्तःकरणको वृत्ति उदित हुन्छ। त्यो वृत्तिमा आरूढ़ साक्षी सुख-दुःखलाई प्रकाश गर्छ; त्यसैले सुख-दुःख साक्षी भाष्य हो भनी कहिन्छ।

ब्रह्म ज्ञान प्रत्यक्ष हुनु सम्भव छ।

बाहिरी घटादिसित अन्तःकरण वृत्तिको सम्बन्ध आँखा आदि इन्द्रिय बाट हुन्छ। त्यसकारण घटादि साक्षी भाष्य हैन। साक्षी आत्माको साथ ब्रह्मको अभेद छ; किन्तु अन्तःकरणगत अज्ञान हिस्सारूप अलिकति आवरण द्वारा ढाँकिएको हुनाले सर्वत्र परिपूर्ण ब्रह्म प्रत्यक्ष भासमान हुँदैन यो आवरण हो वृत्तियुक्त चित्तको सद्भाव। जब शरीरको भित्र उत्पन्न ब्रह्मात्माको अभेदताको आकार (ब्रह्माकार) वृत्तिद्वारा उत्पन्न आवरणको भंग हुन्छ तव सर्वत्र परिपूर्ण ब्रह्मको स्वप्रकाशता द्वारा भान (प्रत्यक्ष अनुभव) हुन्छ।

ब्रह्माकार वृत्तिको उत्पत्तिको लागी अन्तःकरण-वृत्ति बाहिर जाँदैन; किन्तु शरीरको भित्रनै उत्पन्न हुन्छ। त्यो वृत्तिसित ब्रह्मको सम्बन्ध हुन्छ (यसैलाई वृत्ति चेतनको र विषयचेतनको अभेद भनिन्छ; ब्रह्म हो विषय)।

त्यसकारण ब्रह्मको ज्ञान (सुख-दुःखको ज्ञान झैं) प्रत्यक्ष रूप हुन्छ ।

किन्तु सुखाकार-दुःखाकार वृत्तिको उत्पत्तिमा बाहिरी साधनको अपेक्षा हुँदैन; त्यसकारण सुख-दुःख हो साक्षी भाष्य । तर ब्रह्माकार अन्तःकरण वृत्तिको उत्पत्तिमा गुरुद्वारा वेदवचनको श्रोत्र इन्द्रियसित सम्बन्ध (बाहिरी साधन) आवश्यक हुन्छ । त्यसकारण ब्रह्म साक्षीभाष्य हैन । साभास सात्विक अन्तःकरण वृत्तिरूप प्रमाताको पनि विषय हैन । दीप जस्तो अरु दीपको अपेक्षा बिना केवल आँखाको विषय हुन्छ त्यसै ब्रह्महो केवल 'महुँ 'ब्रह्म' । यसप्रकार अन्तःकरणको ब्रह्माकार वृत्ति-को विषय ! ब्रह्मस्वरूपमा अवस्थित र ब्रह्मस्वरूप देखि अभिन्न ब्रह्माकार वृत्तिद्वारा ब्रह्म प्रत्यक्षरूपले प्रकाशित हुन्छ !

साबुन जस्तो वस्त्रको मललाई हटाई दिन्छ वृत्तिले पनि त्यस्तै ब्रह्मको आवरणलाई अपसारित गर्छ । त्यसैकारण ब्रह्मलाई वृत्तिको विषय भनेको छ र वृत्तिको विषयता अरुकुनै प्रकार को हैन ।

'महुं ब्रह्म' यो वृत्तिरूप तत्वज्ञान लाई साक्षीले प्रकाश गर्छ (तत्वज्ञान हो साक्षी भाष्य) ।

प्र०—प्रत्यक्षज्ञान को लक्षण संक्षेपमा बताउनुहोस् ?

उ०—जहाँ विषयसित वृत्तिको संबन्ध हुन्छ त्यहाँ प्रत्यक्ष ज्ञान उत्पन्न हुन्छ । 'म हुँ ब्रह्म' यो अनुभवमा वृत्तिको ब्रह्मसित संबन्ध हुन्छ । त्यसकारण ब्रह्मको ज्ञान प्रत्यक्ष हुनू सम्भव हुन्छ ।

जहाँ विषयसित वृत्तिको संबन्ध हुन सक्तैन र विषय बाहिर टाढा छ किम्बा विषय अतीत र भविष्यत् हो र शब्द द्वारा किम्बा अनुमान द्वारा भिन्न विषयाकार वृत्ति उत्पन्न हुन्छ । त्यहाँ परोक्ष ज्ञान हुन्छ ।

यसरी गुरुद्वारा सुनेको ब्रह्मवाक्यरूप वेदको वचन ('तिमी हौ ब्रह्म') बाट ब्रह्मज्ञान प्रत्यक्ष हुन्छ ।

(प्रथम भाग समाप्त)

द्वितीय भाग

आत्म प्राप्तिको उपाय

आत्मस्वरूपप्राप्तिको प्रथम साधन

पहिल्यैं भनि सकियो कि साक्षी चैतन्यमा अध्यास-वशात् जीवभाव प्रतीत हुन्छ। जीव हो वास्तवमा साक्षी स्वरूप देखि अभिन्न, किन्तु इन्द्रिय, मन, प्राण आदि उपाधिसित तादात्म्य अध्यास वशात् साक्षी आफूलाई जीवभनी निश्चयगर्छ।

फेरी भनी सकियोकि साक्षी र आभास मिलिकन जीवभाव बन्द छ।

पैलो उक्तिमा अवच्छेदवाद स्वीकार गरे को छ र द्वितीय उक्तिमा आभासवाद ग्रहण गरेकोछ। यिनी हरूको भित्र अवच्छेदवाद नै हो श्रेष्ठ।

अवच्छेदवाद अनुसार साक्षी किम्बा प्रत्यक् चैतन्य–प्राण, इन्द्रिय, मन आदि उपाधिद्वारा अवच्छिन्न भएर–जीवभाव प्राप्त गर्छ। ठीक जस्तो महाकाश घट द्वारा अवच्छिन्न भएर घटाकाश बन्द छ। किन्तु चिदात्माको जो अवच्छेद (जीवभाव) हो त्योहो कल्पित र अवच्छेद्य

शुद्ध चैतन्य नै हो वास्तव। त्यो वास्तवस्वरूप शुद्ध चैतन्यमा जीवत्व आरोपित हुन्छ तर त्यस्मा ब्रह्मत्व स्वभावतः नै रहन्छ। 'तिमी हौ त्यो ब्रह्म' यस प्रकार महावाक्य द्वारा अवच्छिन्न जीवसित (साक्षि-चैतन्य सित) नै ब्रह्मको एकता उपदेश दिईएको छ। अर्थात् ब्रह्मको साथ चिदाभासको एकता महावाक्यले उपदेश गरीएको छैन।

यसरी यो सिद्ध भो कि बुद्धिमा प्रतिबिम्बित साक्षि चैतन्य (अर्थात् चिदाभास)—मायाद्वारा कल्पित भएको हुनाले अवास्तव हो। त्यसकारण जो हो मायाको कार्य र अवस्तुभूत त्यो मिथ्या भएको हुनाले त्यस्को साथ ब्रह्मको एकताको उपदेश सम्भव हुँदैन।

यसरी महावाक्यको अर्थ जानिकन त्यो ज्ञानलाई दृढ गर्नुको लागी–अखण्ड ब्रह्मात्म साक्षात्कार उत्पादन को निंति साधन भएको उपदेश गरिन्छ। जस्तो घट नष्ट भए घटाकाश महाकाश हुन्छ त्यस्तैं प्राण, इन्द्रिय, मन आदि उपाधि बाधित नभए प्रत्यगात्माको अवच्छेद रहिनै रहन्छ (जीवभावको निवृत्ति संभव हुँदैन)[१]।

---

१. चिदाभास र साक्षीको बारेमा रहस्य यो हो :—
जब सम्म 'म चिदाभास हुँ' यो निश्चय रहन्छ तब सम्म प्रमाता-भाव किम्बा ज्ञाताभाव (म यो जान्दछु) यसप्रकार त्रिपुटीको अन्तः-

इन्द्रिय, प्राण, मन आदिको बाध केवल समाधि अभ्यास द्वारा संभव हुन्छ। इन्द्रिय हरूलाई हृदय कमलमा निरुद्ध गरिकन—अर्थात् इन्द्रियको वृत्तिमात्रलाई निरुद्ध गरीकन केवल ब्रह्मात्म स्वरूपमा चित्तलाई तत्पर राख्नुलाई समाधि भनिएको छ। केवल मात्र अखण्ड अद्वय ब्रह्मात्म रूपमा चित्तको स्थिरीभावलाई (चित्तको ब्रह्माकार वृत्तिको उत्पत्तिलाई) समाधि भनेको छ।

•

पाति जो साभास सात्विक चित्तवृत्ति हो त्यो नष्ट हुँदैन। परिणामले त्यो आभासको प्रकाशक रूपले साक्षी सधैं विद्यमान रहन्छ।

"म हुँ" किम्वा "म हुँ साक्षी" यसप्रकार निश्चय रहनु सम्म त्रिपुटीको निवृत्ति हुन सक्तैन। साक्षीको उपाधि जो व्यष्टि वासना हो त्यो विनष्ट नभए त्यो वासना बाट निरन्तर त्रिपुटीको ज्ञाता ज्ञान ज्ञेय त्रिविध चित्त वृत्तिको उदय भै रहन्छ परिणामले संसार दुःखको आत्यन्तिक निवृत्तिर निरतिशय सुखप्राप्ति कैल्यै पनि संभव हुँदैन।

"म हुँ ब्रह्म" यसप्रकार साक्षात्कार उदित भए—अज्ञानको साथ (अज्ञान हो समष्टि वासना) नष्ट भएर—अज्ञान विनिर्मुक्त ब्रह्म स्वरूपता प्राप्त भए मुमुक्षु पुरुष (वासनाक्षय र मनोनाशपूर्वक) मुक्त भैहाल्छ (हरिस्तोत्र हेर्नु)।

आत्म स्वरूप प्राप्तिको प्रथम साधन

(अर्थानुबिद्ध समाधि)

पैले अर्थानुबिद्ध समाधि देखाइन्छ। जब हामी हरूको मनमा कुनै प्रिय वस्तुको स्मरण हुन्छ तब त्यस्को नाम रूपलाई परित्याग गरिकन (वस्तुको परिवर्तनशील नाम र क्षणमा विनश्वर आकार बाट उदासीन भएर) सर्वदा र सर्वत्र प्रकाशमान[1] सच्चिदानन्द ब्रह्म स्वरूपमा एक चित्त भएर स्थित रहनु पर्छ। अर्थात् त्यो प्रिय पदार्थ मा केवल सच्चिदानन्द ब्रह्म कोनै अखण्ड दर्शन (अविराम अनुभव) गर्नुको अभ्यासलाई बढाउनु पर्छ। पदार्थको जो नाम र रूप हो त्यो त क्षणिक स्वभाववशात् उत्पन्न भएर नष्ट भैहाल्छ; किन्तु नाम र रूप नष्ट भएपनि त्यो वस्तुको जो सच्चिदानन्द नामक वास्तव स्वरूप हो त्योत कैल्यै पनि नष्ट हुँदैन। नाम र रूपको झैं त्यो वास्तवस्वरूप मा कैल्यै पनि परिवर्तन हुँदैन। यो अपरिवर्तनीय सत् चित् स्वरूप नै हो म। मेरो नै प्रकाश मा नाम र रूप प्रकाशित हुन्छ; र नाम रूप नष्ट भए तिनीहरूको आभासलाई

१. सारा पदार्थको वास्तव स्वरूप र अधिष्ठान।

म नै प्रकाश गरिरहन्छु (किनकि म हुँ प्रत्याख्यानको अयोग्य, सर्वदा विद्यमान र स्वयं र सर्वदा प्रकाशमान)। यो मेरो आफ्नो वास्तव ब्रह्मस्वरूपमा कहिले पनि कुनै प्रकारको विकार आउँन सक्दैन। म नै निर्विकार रहीकन जब यो नाम र रूप आविर्भूत हुन्छ तब तिनीहरूलाई प्रकाश गरिरहन्छु (तिनीहरूलाई सत्ता र स्फूर्ति प्रदान गर्दछु)। तिनीहरू विनष्ट भए जो सच्चिदानन्द तत्व परिशिष्ट रहन्छ त्यो नै हो मेरो वास्तव स्वरूप—यसप्रकार विचार द्वारा अज्ञान दशामा पनि निजी मेरो वास्तव स्वरूपको प्राप्ति अल्प समयका लागि संभव हुन्छ। त्यसकारण त्यो निजी अनुभूत स्वरूपलाई किन मैले सधैं अखण्ड रूपले कायम नराख्ने ? यसप्रकार विचार गर्दै-गर्दै अन्तःकरण वृत्ति सच्चिदानन्द आकारमा अवस्थित भैहाल्छ।[1] यसैलाई नै अर्थानुबिद्ध (पदार्थ स्मरणको साथ सम्पर्कयुक्त) समाधि भनेको छ। यसैको नाम हो दृश्यानुबिद्ध सविकल्प समाधि।

प्रश्न—यसलाई सविकल्प समाधि किन भनेकोछ ?

उत्तर—किनकि यो हो ज्ञाता ज्ञान ज्ञेय रूप त्रिपुटीको भान सहित अद्वितीय ब्रह्मस्वरूपमा अन्तःकरण वृत्तिको स्थिति।

---

१. (सच्चिदानन्द स्वरूपमा अभिन्न भएर स्थित हुन्छ)।

प्रश्न—यसको लक्षण स्पष्ट गरेर बताउनुस् ।

उत्तर—यो हो निदिध्यासनको[1] (ध्यानको) परिपाक रूप । जब चित्तमा कुनैं प्रकार वृत्ति उदित हुन्छ तब त्यो वृत्तिदेखि अलग रहोकन (किनकि ब्रह्मजिज्ञासु हो वृत्तिवाट अलग वृत्तिको प्रकाशक चैतन्यस्वरूप—वृत्ति विशिष्ट प्रमाता चैतन्य हैन) विचारको बलले दृश्यरूप चित्तवृत्ति र चित्तवृत्ति को साक्षी यो दुवैको भिन्न पार्थक्य स्पष्ट रूपले देख्नुको अभ्यास गर्नुपर्दछ । यसको लक्षण हो 'म हुं सारा चित्तवृत्तिको साक्षी' । चित्त जस्तो आविर्भाव-तिरोभावशील हो त्यस्तो वृत्ति पनि आविर्भाव-तिरोभाव-शील पदार्थ हो चित्त रहनु सम्म वृत्ति रहन्छ । सुषुप्तिमा चित्त नभएको हुनाले वृत्ति पनि रहँदैन । वृत्ति हो सदा दृश्य रूप (साक्षीमबाट प्रकाशित, वृत्ति मेरो धर्म हैन) । त्यस-कारण आगन्तुक वृत्ति हो म देखि पृथक् (त्यसकारण कहिले पनि वृत्तिसित मिल्न सक्दिन) । म हुँ वृत्तिको साक्षी र त्यो देखि पृथक् रूपले (विविक्त रूपले) सर्वदा अवभास-मान शुद्ध चैतन्य । यस प्रकार विवेक विचारको[2] फलले

---

१. त्रिपुटीको भाव सहित जो सविकल्प समाधि हो—अर्थात् जब सम्म इन्द्रियद्वारा शब्दादि विषयको ग्रहण भैरहन्छ तबसम्म त्यसलाई निदिध्यासन (ध्यान) भनेको छ ।

२. श्रवण र मननलाई विचार भनेको छ ।

आफूलाई उठेको वृत्तिको साक्षी रूपले, वृत्तिदेखि पृथक् र वृत्तिरहित स्वप्रकाश चिदानन्द रूप भनी एकमनले जानेर अवस्थान गर्नुपर्छ। अर्थात् "म हुँ केवल प्रकाश-रूप" यस प्रकार आत्माकार वृत्तिको अविच्छिन्न प्रवाह चलिरहन्छ[१] (र त्यो धाराप्रवाह साक्षी मबाट प्रकाशित भैरहन्छ)। अन्तःकरणको वृत्ति प्रवाह "म हुँ स्वप्रकाश चिदात्मा" यस प्रकार त्रिपुटी (किम्बा ज्ञाता-ज्ञान-ज्ञेयरूप विकल्प) विद्यमान भएको हुनाले यो समाधिलाई सविकल्प समाधि भनेको छ।

प्रश्न—यसलाई दृश्यानुविद्ध किन भनेको छ?

उत्तर—दृश्यको साक्षी रूपले आत्माको ध्यानलाई दृश्यानुविद्ध समाधि भनेको छ। काम आदि चित्तको वृत्ति हो दृश्य। यो समाधि हो दृक्-एकनिष्ठ र दृश्यानुविद्ध तिस्रो दिल।

●

१—अरु कुनै प्रकार चिन्ता रहँदैन, त्यसकारण प्राण र इन्द्रिय निरुद्ध भैहाल्छ।

आत्मस्वरूप प्राप्तिको द्वितीय साधन

(शब्दानुविद्ध समाधि)

स्थूल सविकल्प समाधि देखाईकन ऐले सूक्ष्म सविकल्प द्वितीय समाधि देखाइन्छ। यो हो कामादि अशेष दृश्यको विलापक साक्षिनिष्ठ शब्दानुविद्ध सविकल्प समाधि। यसको स्वरूप हो; "असंग सच्चिदानन्द स्वरूप स्वप्रकाश र द्वैतवर्जित प्रत्यगात्मा नै हो म" यसप्रकार भावना गर्नु। "म हुँ कामादि वृत्तियुक्त चित्तसित संग-रहित; अनृत जड दुःख संसर्गरहित; मेरो कहिल्यै पनि लोप हुँदैन; म मा सारा द्वैतको आभास सधैं निवृत्त भैराखेको छ, म हुँ यसप्रकार प्रत्यगात्मा"—यसप्रकार निरन्तर भावना गर्नु। असंग आदि शास्त्रीय शब्दको साथ मिश्रित भएको हुनाले यसैलाई शब्दानुविद्ध समाधि भनेको छ।

प्रश्न—यसको लक्षण के हो ?

उत्तर—यो हो प्रत्यक् चिन्मात्र विषयक, चिन्मात्र विषयक चिदाभासनिष्ठ अनुभव।

प्रश्न—यो समाधि क्रम प्राप्त सारा दृश्यको विलापक भनी कसरी सिद्ध भयो ? दृष्टान्त द्वारा स्पष्ट गरेर देखाउनुहोस् ।

उत्तर—सारा दृश्यको (वृत्तिको) साथ युक्त जो चित्त हो त्यो चित्तसित मेरो कुनै सम्बन्ध छैन । यस प्रकार भावनाले सारा दृश्यको विलापन गरीदिन्छ । यस प्रकार अनुभवमा विजातीय कुनै प्रत्यय (चित्तवृत्ति) रहन सक्दैन । यस प्रकार साक्षिनिष्ठ भावना तल देखाइन्छ ।

'म हुँ नित्य शुद्ध चैतन्य रूप', 'म हुँ अखण्ड एकरस ब्रह्म', 'म हुँ सर्वदा निरुपाधि आनन्द स्वरूप । मेरो आनन्द-रूपता धनादिबाट सिद्ध हुँदैन; त्यो हो मेरो स्वाभाविक स्वरूप । म मा माया छैन । रागादि मलको कुनै चिन्ह छैन । त्यो अज्ञानी मानिसले म मा आरोपित गर्दछ ।'

चिद्रूप म नै यो असत्य जगत लाई मेरो सत्ता प्रदान गरेको थियें । ऐले म त्यहाँबाट आफ्नो सत्तालाई झिकीकन मेरो आफ्नो निर्वासनिक ब्रह्म स्वरूपमानै फेरि स्थित भैराखेको छुँ ।

ओ हो ! यो असत्य जगतमा चिद्रूप मैले आज सम्म व्यर्थ नै आफ्नो सत्ता आरोप गरि राखेको थियें

(किनकि संसारको सारा आरोप चैतन्यको नै अधीन हुन्छ[१])। ऐले यो व्यर्थ प्रयास परित्याग गरीकन नाम-रूपात्मक यो तुच्छ जगतमा आरोपित आफ्नो सत्तालाई उपसंहार गरेर सच्चिदानन्द स्वरूप म फेरि आफ्नो वास्तव सनातन स्वरूपमा स्थित भएको छुँ। ऐले म कुनै सिद्धहस्त मायावी पुरुष झैं छिन छिनमा यो जगतको उत्पत्ति र विनाशलाई तटस्थ भएर देखिराखेको छुँ। ऐले म देख्छुँ कि जगतवाट मेरो सत्ता उठाए पछि एकै छिनमा नै यो जगत नष्ट भ्रष्ट भै हाल्छ। ओ हो! कस्तो आश्चर्य! आत्मसत्ताको उपसंहार गरेपछि आत्मसत्ता देखि अतिरिक्त कुनै वस्तु दृष्टिगोचर भएको छैन।

यद्यपि विकार द्वारा म विकारी हैन र जगतको कारण जो अव्याकृत आदि हो त्यसको पनि कारण वास्तवमा म हैन तापनि अज्ञानी मानिसको दृष्टिमा कार्य-कारणरूप द्वैत उत्पन्न भए पनि त्यो हो मृगतृष्णा पानी झैं अजात पदार्थको बराबर।

किनकि यो कार्य-कारणरूप द्वैत उत्पन्न हुनुको पहिले थिएन, नष्ट हुनुको पछि पनि रहँदैन। केवल वर्तमान कालमा अल्प समयका लागि प्रतीत हुन्छ।

१. यसैलाई संसर्गाध्यास भन्नेको छ।

त्यसकारण स्वप्न कालको रथादिको झैं किम्बा मृगतृष्णा को पानी झैं यो जगत हो अनुत्पन्न । यसप्रकार जानेर यो अजात जगतको भिन्न कुन वस्तुको लागि म आपनो निजी असंग परमपद स्थितिलाई छोडि दिऊँ ? र यो अनित्य पदार्थको मूल्य निरूपणमा अमूल्य आयुलाई क्षय गरूँ ?

यो कल्पित संसारको बारेमा जब म यसको सत्ता स्फूर्ति प्रदाता आफ्नो आत्मस्वरूपलाई अनुरोध गर्छु । हे विश्वात्मा ! मेरो समाधि अभ्यासको योग्य परिस्थिति उत्पन्न गर्नका लागि कृपापूर्वक यो जगतको लय गर्नुहोस्-- तब नै म देख्छु कि पहिले देखिएको सारा जगत कहीं पनि अलिकति पनि छैन । यसरी जगतको उत्पत्ति र संहार दुवै नै हो मेरो अधीन । यस प्रकार जब म यो जगतको असारता जानेको छुँ तब यो सारा जगतको सारभूत आत्मदेवको म किन निरन्तर चिन्तन न गरूँ ?

यसप्रकार उपनिषद् वाक्यको तात्पर्य चिन्तन गर्दै-गर्दै मुमुक्षु पुरुषको शब्दानुविद्ध समाधि हुँदै गर्छ । "म हुँ नित्य शुद्ध चिद्रूप र सहजानन्दरूप" यसप्रकार आत्मस्वरूपको भावना गर्दै-गर्दै जब कामादि चित्तको सारा वृत्ति प्रत्यक् चैतन्यमा विलीन भैहाल्छ र विजातीय प्रत्ययको प्रवाह बन्द भएर प्रत्यक् चिन्मात्र विषयक

चिदाभासनिष्ठ अनुभव चलि रहन्छ । तब शब्दानुविद्ध समाधि आफैं नै भैरहन्छ ।

प्र०—यसको स्वरूप के हो ?

उ०—यसको स्वरूप हो आत्माकार चित्तवृत्तिको प्रवाह (सजातीय वृत्तिप्रवाह किम्बा त्वं पद लक्ष्यार्थरूप ध्येयाकार वृत्तिप्रवाह) । यसमा वृत्तियुक्त चित्त विद्यमान रहन्छ (चित्त वृत्तिशून्य हुँदैन) । अहंकार बिना आत्माकार वृत्तिको प्रवाहलाई सविकल्प समाधि भनेको छ । यो हो प्रकृष्ट ध्यानाभ्यासको फलरूप ।

आत्मस्वरूप प्राप्तिको तृतीय साधन

(अननुविद्ध समाधि)

पैले अर्थानुविद्ध समाधि र पछि शब्दानुविद्ध समाधिको दृढ अभ्यास भए मुमुक्षु अननुविद्ध समाधिमा प्रवेश गर्छ। सविकल्प समाधि हो साधन र अननुविद्ध समाधि हो फल।

यत्नपूर्वक समाधिद्वयको अभ्यासको फलले चित्त सच्चिदानन्दको अनुभव किम्बा परमानन्दसित एकाकारता प्राप्त हुन्छ पूर्वोक्त समाधि द्वयको अभ्यास परिपक्व भए अन्तःकरणमा स्वरूपभूत ज्ञानानन्दको आविर्भाव हुन्छ, अर्थात् म हुँ चिदानन्दस्वरूप यसप्रकार अनुभवको फलले स्वयं नै चित्त सारा वृत्तिवाट रहित भएर ब्रह्मात्म स्वरूपको आकारमा स्थित भैहाल्छ ! सुषुप्तिमा चित्त कारण अज्ञानमा लीन रहन्छ (अज्ञान रूपले चित्त अवस्थान गर्छ) किन्तु अननुविद्ध समाधि-मा—प्रयत्नपूर्वक अवस्थित भएको हुनाले—चित्त सारा कार्यकारण सम्बन्ध रहित ब्रह्म वस्तुमात्र रूपले अव-

स्थान गर्छ। (र परिणामले चित्तमा ब्रह्माकार वासना उत्पन्न हुँदै गर्छ। "म हुँ ब्रह्म" यसप्रकार अनुभवजनित संस्कारलाई ब्रह्मवासना भनेको छ)। यो अननुविद्ध समाधिलाई निर्विकल्प समाधि भनेको छ।

प्र०—चित्त आफूनै ब्रह्माकार कसरी हुन्छ ?

उ०—लय, विक्षेप, कषाय र रसास्वाद आदि प्रतिबन्ध नभए निर्विघ्न समाधि स्वयं नै हुन्छ। वायुरहित ठाउँमा दीप जस्तो निश्चल भएर स्थित रहन्छ त्यस्तै ब्रह्मप्राप्त चित्त निश्चल किम्बा वृत्तिशून्य भैहाल्छ। यसरी समाधि अभ्यास हो महावाक्य श्रवणको अंग।

प्र०—निर्विकल्प समाधिको लक्षण के हो ?

उ०—सच्चिदानन्द स्वरूप परमानन्दको अनुभव भए चित्त बाहिर कुनै वस्तुको ज्ञान रहँदैन; यसप्रकार शान्त गंभीर मौनावस्थालाई अननुविद्ध समाधि भनेको छ। बाह्य र आभ्यन्तर दुवै प्रकारको ज्ञान मिथ्या संकल्प बन्द भए भ्रम र विक्षेपरहित यो निर्विकल्प समाधिको अद्भुत अवस्था प्रादुर्भूत हुन्छ। जब विषमताको उत्पादक सारा विकल्प निवृत्त हुन्छ र निरवधि समता सर्वत्र विराज गर्छ—तब मुमुक्षु साधकको वृत्ति वायुरहित स्थानमा स्थित प्रदीपको झैं अत्यन्त निश्चल

हुन्छ—तब चित्तको अचित्त भाव किम्बा ब्रह्माकार वृत्ति द्वारा ब्रह्मस्वरूपको अनुभव स्वयं भै हाल्छ ।

यो अवस्थामा वृत्तियुक्त चित्त न भएको हुनाले साक्षी-भाव नष्ट भैहाल्छ र त्रिपुटीको प्रकाशन पनि बन्द भैं हाल्छ। द्रष्टा र दृश्यभावको सम्पूर्ण वासना परित्यक्त भए त्याग कर्ता (अहङ्कार) प्रत्यगात्मा देखि अभिन्न जो परम-पद (निरुपाधि ब्रह्म) हो त्यो नै परिज्ञात रूपले स्वयं प्रकाशित भैहाल्छ त्यो नै हो शुद्धप्रियतमआत्मचैतन्य । द्रष्टा दर्शन र दृश्य र उनी हरूको संस्कार (वासना) परित्याग गरे त्रिपुटीको उदय हुनको पनि पैले जो निर्वि-कल्प चिदात्मा प्रकाशमान रहन्छ साधक पुरुषले त्यस्को नै भजन गर्छ ।

प्रश्न—सविकल्प र निर्विकल्प समाधिमा भेद के हो ?

उत्तर—सविकल्य समाधिमा त्रिपुटीरूप त द्वैत प्रतीत हुन्छ र त्यो द्वैत ब्रह्मरूपले प्रतीत हुन्छ । जस्तो माटो-को विकारलाई माटोरूप जानेर विवेकी पुरुष घटको प्रतीति-कालमा त्यसलाई माटोरूप नै जान्दछ, त्यस्तै सविकल्प समाधि मा त्रिपुटीरूप द्वैत नै प्रतीत हुन्छ । निर्विकल्प समाधिमा त्रिपुटीरूप द्वैत विद्यमान रहन्छ तर त्यसको

प्रतीति हुँदैन, यस्तो पानीमा लवण निक्षिप्त भये लवण विद्यमान भये तापनि आँखा बाट दिख्दैन, त्यस्तै निर्विकल्प समाधिमा "म ब्रह्मात्म स्वरूपलाई अनुभव गरीराखिये को छुं" यसप्रकार त्रिपुटीरूप द्वैत प्रतीति हुँदैन । किनकि अहंब्रह्मवृत्ति ब्रह्मस्वरूपमा स्थित र ब्रह्म देखि अभिन्न हुन्छ र केवल ब्रह्म नै प्रकाशित रहन्छ। वृत्तियुक्त चित्त नभएको हुनाले निर्विकल्प समाधिमा साक्षी भाव रहँदैन, र साक्षी न भयेको हुनाले त्रिपुटी द्वैतको प्रतीति हुन सक्तैन ।

प्रश्न—सुषुप्ति देखि निर्विकल्प समाधिको भेद के हो ?

उत्तर—सुषुप्तिमा अन्तः-करणमा ब्रह्माकार वृत्तिको अभाव हुन्छ । निर्विकल्प समाधिमा अन्तःकरणको ब्रह्माकार वृत्ति[1] त हुन्छ; किन्तु त्यस्को भान हुँदैन । सुषुप्तिमा वृत्तिसहित अन्तःकरणको अभाव हुन्छ र निर्विकल्प समाधिमा वृत्तिसहित अन्तःकरण[2] रहन्छ, किन्तु त्यसको प्रतीति हुँदैन ।

१—वृत्ति (वर्तन) हो वृत्तिशून्य अन्तःकरणको ब्रह्माकारमा स्थिति । यहाँ वृत्ति शब्दको अर्थ अन्तःकरणको परिणाम हैन । किन्तु अचित्त भाव किम्बा अमनीभाव हो ।

२—अन्तःकरण नभए योगीको शरीर लडीहाल्छ त्यसकारण निर्विकल्प समाधिमा अन्तःकरण रहन्छ; यसप्रकार जान्नुपर्छ ।

प्रश्न—निर्विकल्प समाधि कति प्रकारको हो ?

उत्तर—निर्विकल्प समाधि हो दुई प्रकारको—
(१) अद्वैत भावनारूप र
(२) अद्वैतावस्थान रूप ।

अद्वैत ब्रह्माकार अन्तःकरणको अज्ञान वृत्ति सहित भए अद्वैतभावनारूप निर्विकल्प समाधि भनिन्छ (योहो योगवाशिष्ठ ग्रन्थको सत्वापत्तिरूप चतुर्थी ज्ञानभूमिका; यस्मा अनानन्दापादक आवरणको नाश हुँदैन) यस्को अधिक अभ्यास भए ब्रह्माकारवृत्ति शान्त भैहाल्छ । (शङ्कराचार्य यस लाई वृत्तिको भङ्ग किम्बा वृत्तिको विस्मरण भन्नुभएको छ) यसप्रकार वृत्तिरहित भए अद्वैतावस्थान रूप निर्विकल्प समाधि प्राप्त हुन्छ (यो हो योगवाशिष्ठ ग्रन्थको तुरीयगा रूप सप्तमी ज्ञान भूमिका) । अद्वैत भावनारूप समाधिको दृढ अभ्यास भए अत्यन्त प्रकाशमान ब्रह्ममा वृत्तिको लय हुन्छ । अद्वैत भावनारूप निर्विकल्प समाधि हो साधन र अद्वैतावस्थानरूप निर्विकल्प समाधि हो फल । यो फलरूप समाधिमा अनानन्दापादक आवरण नष्ट हुन्छ र भूमानन्दको साक्षात् अनुभव हुन सक्छ ।

निर्विकल्प समाधि बाह्य र आन्तर भेद ले दुई प्रकार को हुन्छ ।

(१) मूर्ति आदि बाह्य आलम्बनको चिन्तन बाट उत्पन्न भएको लाई बाह्य निर्विकल्प समाधि भनेको छ ।

(२) सर्वान्तर अद्वैत ब्रह्मको चिन्तन बाट उत्पन्न भएकोलाई आन्तर निर्विकल्प समाधि भनेको छ ।

आन्तर निर्विकल्प समाधिको २ भेद छ—

(१) साक्षात्कार रूप र

(२) असाक्षात्कार रूप ।

गुरुमुखबाट अर्थसहित महावाक्यको श्रवण मनन आदि रूप विचारपूर्वक अद्वैत ब्रह्मको चिन्तन द्वारा ब्रह्मात्मा-को एकताको अपरोक्ष भान भए त्यसलाई साक्षात्कार रूप आभ्यन्तर निर्विकल्प समाधि भनेको छ ।

विचारपूर्वंक अद्वैत ब्रह्मको चिन्तन द्वारा एकताको परोक्ष भान भए त्यसलाई असाक्षात्काररूप आभ्यन्तर निर्विकल्प समाधि भनेको छ। यो हो साक्षात्काररूप समाधिको साधन; त्यसकारण यो हो निदिध्यासनरूप (पृथक् साधन हैन) ।

साक्षात्काररूप समाधि एकक्षणमा उदित हुन्छ, दोश्रा क्षणमा अभानापादक आवरणको नाश प्रारम्भ गर्छ र तेश्रा क्षणमा अभानापादकरूप आवरणको नाश हुन्छ यसलाई जीवनमुक्ति भनेको छ। यसमा अनानन्दा-पादक आवरणको नाश हुँदैन ।

जस्तो घटको साक्षात्कार भए त्यस वेलामा नै घटको आवरण भंग हुन्छ; आवरण भंगको लागी पछि बुद्धिको निरोध प्रयोजन हुँदैन त्यस्तै ब्रह्मको अभानापादक आवरण भङ्ग भएपछि हठपूर्वक वृत्तिको निरोध गर्नु आवश्यक छैन।

तापनि सप्तमीज्ञान भूमिका सम्म जो ब्रह्माकार वृत्तिको अनुवृत्ति गरिन्छ (निर्विकल्प समाधिको अभ्यास अथवा परिपाक हुन्छ) त्यो वासनाक्षय र मनोनाश द्वारा जीवन्मुक्तिको (पञ्चमी षष्ठी ज्ञानभूमिकाको) विलक्षण आनन्दको भानको हेतु हुन्छ (अभानापादक आवरण भंगको हेतु हैन किन्तु अनानन्दापादक आवरण नाशको हेतु हुन्छ)। अनानन्दापादक आवरणको नाश भए ब्रह्माकार वृत्तिको भंग हुन्छ यो नै हो तुरीयगा ज्ञान भूमिका (सप्तमीज्ञान भूमिका)।

प्र०—लय, विक्षेप, कषाय र रसास्वाद रूप चार बिघ्नको अभाव कसरी गर्नुपर्छ ?

उ०— (१) आल्सीपन किम्बा निद्रावाट वृत्तिको अभाव लाई लय भनेको छ। यसप्रकार लय भए सुषुप्तिको बराबर अवस्था प्राप्त हुन्छ; ब्रह्मानन्दको भान हुन सक्तैन। त्यस कारण निद्रा, आलस्य आदि लेगर्दा जब वृत्तिको उपादानमा लय हुनखोज्छ तव योगीवाट सावधान भएर

निद्रादिलाई रोकिकन वृत्तिलाई जगाउनु पर्छ (लय हुन दिनुहुँदैन)। यसप्रकार वृत्तिको प्रवाहरूप जागरणलाई चित्तसम्बोधन भनेको छ।

(२) अनात्म पदार्थलाई दुःखको कारण भनि जानेर अद्वैतानन्दलाई विषय गर्नुको लागी जो वृत्ति अन्तरमुख (आत्मस्वरूपको अभिमुख) हुन्छ त्यो वृत्तिको विषय जो चैतन्य हो त्यो हो अत्यन्त सूक्ष्म। त्यस कारण केहि समयसम्म वृत्तिको स्थिति न भए तत्कालमा नै चैतन्य स्वरूप आनन्दको लाभ हुँदैन त्यसैले वृत्ति बहिर्मुख भैहाल्छ (आत्माको अभिमुख रहन सक्तैन) यसप्रकार बहिर्मुख वृत्तिलाई विक्षेप[१] भनेको छ।

त्यस कारण वृत्ति अन्तरमुख भएपनी जब सम्भ वृत्ति ब्रह्माकार हुँदैन तब सम्म मुमुक्षु पुरुषले सारा बाहिरी पदार्थमा दोषभावना द्वारा वृत्तिलाई बहिर्मुख हुन नदिनु। किन्तु वृत्तिलाई अन्तर्मुख नै राख्नु पर्छ। यसप्रकार प्रयत्न लाई शम भन्द छ।

(३) रागादिदोषको उद्बुद्ध संस्कार लाई कषाय भनेको छ। रागादि हो दुइ प्रकार।

---

१. ध्यानमा प्रवृत्त पुरुषको कदाचित् बाहिरी प्रवृत्ति हुन्छ त्योपनि विघ्न हो।

(१) पुत्र, वित्त, कलत्र आदि विषय हो बाहिरी विषय ।

(२) अतीत र भविष्यत्को चिन्तन रूप मनोराज्य हो आन्तर । यो उभय प्रकार रागादि समाधिमा प्रवृत्त मुमुक्षुको सम्भव छँन; किनकि समाधिकालमा अन्तः-करणमा एकाग्रता[1] हुन्छ । यो एकाग्रता वृत्तिको अभाव रूप हैन; किन्तु जति अन्तःकरणको परिणाम समाधिकालमा हुन्छ त्यो सारा परिणाम ब्रह्म लाईनैं विषय[2] गर्दछ । त्यस कारण अन्तःकरणको अतीत परिणाम र वर्तमान परिणाम केवल ब्रह्माकार भएको हुनाले समान आकारनै हुन्छ । त्यस कारण समाधिमा प्रवृत्त साधकमा जब रागादिको संस्कार प्रकट हुन लाग्छ तब विषयमा दोषदर्शन द्वारा त्यो संस्कारलाई दबाई दिनुपर्छ ।

प्र०—विक्षेप र कषायको भिन्न पार्थक्य के हो ?

उ०—(१) बाह्य विषयाकार वृत्तिलाई विक्षेप भनेको छ ।

---

१. अन्तःकरणको अतीत परिणाम र वर्तमान परिणाम समान आकार हुनु लाई एकाग्रता भनेको छ ।

२. वृत्तिले ब्रह्मको आवरण लाई भंग गर्दछ, त्यस कारण वृत्तिले ब्रह्मलाई विषय गर्छभनी भन्द छ ।

(२) मुमुक्षुको प्रयत्न द्वारा वृत्ति अन्तर्मुख भए पनि रागादिको उद्‌बुद्ध संस्कारको फलले जब अन्तर्मुख वृत्ति ब्रह्मलाई विषय गर्न सक्तैन तब त्यो विघ्नलाई कषाय भनेको छ। विषयमा दोषदर्शनरूप प्रयत्न द्वारा कषाय विघ्नको निवृत्ति हुन्छ।

४—रसास्वादको प्रथम अर्थ

योगी पुरुषको ब्रह्मानन्दको अनुभव र विक्षेप रूप दुःखको निवृत्तिको अनुभव हुन्छ। कैले-कैले दुःखको निवृत्ति बाट पनि जो आनन्दको अनुभव[१] हुन्छ त्यसलाई रसास्वाद भनेको छ।

दुःखनिवृत्तिजन्य आनन्दको अनुभव मा नै पर्याप्त बुद्धि गरे सारा उपाधिरहित ब्रह्मानन्दाकार वृत्तिको अभाव भएको हुनाले ब्रह्मानन्दको अनुभव समाधिमा हुँदैन। परिणामले दुःख निवृत्तिजन्य आनन्दको अनुभव (किम्वा रसास्वाद) निर्विकल्प समाधिको प्रतिबन्धक हुन्छ।

रसास्वादको द्वितीय अर्थ

सविकल्प समाधि अनन्तर निर्विकल्प समाधि हुन्छ र

---

१. "म आनन्द अनुभव गरी राखेको छुँ"।

सविकल्प समाधिमा त्रिपुटी रहन्छ । त्यस कारण सविकल्प समाधिको आनन्द त्रिपुटीरूप उपाधि सहित भएको हुनाले सोपाधिक कहिन्छ । निर्विकल्प समाधिमा त्रिपुटी प्रतीत हुँदैन त्यस कारण निर्विकल्प समाधिमा निरुपाधिक आनन्द अनुभूत हुन्छ । यसरी सविकल्प समाधिको पश्चात् निर्विकल्प समाधिको शुरूमा पनि योगी सविकल्प समाधिको सोपाधिक आनन्दलाई त्याग गर्न सक्तैन किन्तु त्यो आनन्दको नै अनुभव गरी रहन्छ । यसैलाई रसास्वाद भनेको छ ।

यसरी (१) विषय निवृत्ति जनित आनन्दको अनुभव अथवा (२) सविकल्प समाधिको आनन्दको अनुभवलाई रसास्वाद भनेको छ । यो उभयप्रकारको रसास्वाद— निर्विकल्प समाधिको परमानन्दको अनुभवको विरोधी भएको हुनाले विघ्न भनी परिगणित हुन्छ । त्यस कारण मुमुक्षु पुरुषले त्यसलाई परित्याग गर्नु पर्छ ।

प्र०—अच्छा, वृत्तिको उत्पत्तिको हेतु के हो ?

उ०—कर्मवशात् (धर्म र अधर्म बाट) बुद्धिको चलन (बुद्धि वृत्तिको उदय) हुन्छ ।

प्र०—त्यसो भए वृत्तिको निरोध कसरी सम्भव हुन्छ ?

उ०—प्रयत्नपूर्वक विचार द्वारा त्यसको निरोध

गर्नुपर्छ । महाभारतमा भनेको छ "धर्म र अधर्मलाई परित्याग गर; सत्य र मिथ्यालाई त्याग गर त्यसपछि जुन अहंकार द्वारा तिनीहरूको त्याग भयो त्यो अहंकारलाई पनि त्याग गर"। यसरी निर्विकल्प समाधि प्राप्त हुन्छ । घट नष्ट भए जस्तो घटाकाश महाकाश बनि हाल्छ, त्यस्तैं प्राण, इन्द्रिय, मन आदि उपाधि बाधित भए प्रत्यगात्मा उपाधिरहित (अवच्छेदरहित) भैहाल्छ । त्यस कारण प्रबल प्रयत्नपूर्वक चित्तवृत्तिको निरोध अवश्य सम्पादन गर्नुपर्छ ।

प्रश्न—ध्यान र समाधिको बारेमा संक्षेपले बताउनु होस् ?

उत्तर—सविकल्प समाधिमा श्रोत्र आदि इन्द्रिय द्वारा शब्दादि विषयको ग्रहण हुन सक्तैन (अर्थात् सूक्ष्म मन शब्दादि विषयमा अनासक्त भै हाल्छ) जब सम्म शब्दादि विषयको ग्रहण भै राख्छ तब सम्म ध्यान हुन्छ (समाधि हैन)। जब सविकल्प समाधिको अभ्यासको फलले विषयको संस्कार चित्तमा रहँदैन तब चित्त मायाको कार्यं जाग्रत आदि अवस्था देखि शोधित सन्मात्र आत्म-स्वरूपमा ज्ञाता ज्ञान र ज्ञेय भावको बिनाशपूर्वक साक्षात्कार सम्म स्थित भैहाल्छ तब निर्विकल्प समाधि हुन्छ ।

अखण्डाकार वृत्तिंहो सविकल्प समाधि र वृत्तिको अस्मरण (अज्ञातता) हो निर्विकल्प समाधि भनेको छ, निर्विकल्प समाधि द्वारा अज्ञान समूल उच्छेद भएको हुनाले अहङ्कार नष्ट हुन्छ (अर्थात् भेदकल्पना शिथिल हुन्छ) निर्विकल्प समाधिको अभ्यास द्वारा अद्वैत भावना-को अभिवृद्धि हुन्छ र परिपक्व–सप्तमी–ज्ञानभूमिका अखण्डाकार वृत्तिपनि विनष्ट हुन्छ (अहंकार वासना, अर्थात् भेद वासना विगलित हुन्छ) र अद्वैतावस्थान संभव हुन्छ ।

यसरी ब्रह्माऽभ्यास गर्दै गर्दै गए पाँच ज्ञानेन्द्रिय शान्त हुन्छ, जब सारा संकल्प[1] (साक्षी भावबाट त्रिपुटी को उत्पत्ति) विनष्ट हुन्छ जब मनको कुनै वृत्ति रहँदैन, जब बुद्धिको सारा चेष्टा बन्द भैहाल्छ—अनादिकाल देखि आफ्नो-आफ्नो काममा लागी राखेको शरीर, इन्द्रिय, मन र बुद्धिको जब पूर्ण विश्राम मिल्छ तब बुझ्नु पर्छ कि परम गति प्राप्त भएको छ । ब्रह्माभ्यासी पुरुष ब्रह्माकार वृत्ति गर्दै-गर्दै शुद्ध आत्म स्थितिमा विहार गरी रहन्छ ।

यदि कहिले यसप्रकार शुद्ध स्थितिको भंग हुनाको प्रसङ्ग आउँछ तब मुमुक्षु पुरुष तत्कालमा नै फेरी ब्रह्मा-कार वृत्ति उत्पन्न गर्छ विषय चिन्तन लाई न अपनाईकन

१. सारा त्रिपुटी उत्पत्तिको हेतु ।

गर्नुपर्छ । महाभारतमा भनेको छ "धर्म र अधर्मलाई परित्याग गर; सत्य र मिथ्यालाई त्याग गर त्यसपछि जुन अहंकार द्वारा तिनीहरूको त्याग भयो त्यो अहंकारलाई पनि त्याग गर"। यसरी निर्विकल्प समाधि प्राप्त हुन्छ । घट नष्ट भए जस्तो घटाकाश महाकाश बनि हाल्छ, त्यस्तैं प्राण, इन्द्रिय, मन आदि उपाधि बाधित भए प्रत्यगात्मा उपाधिरहित (अवच्छेदरहित) भैहाल्छ । त्यस कारण प्रबल प्रयत्नपूर्वक चित्तवृत्तिको निरोध अवश्य सम्पादन गर्नुपर्छ ।

प्रश्न—ध्यान र समाधिको बारेमा संक्षेपले बताउनु होस् ?

उत्तर—सविकल्प समाधिमा श्रोत्र आदि इन्द्रिय द्वारा शब्दादि विषयको ग्रहण हुन सक्तैन (अर्थात् सूक्ष्म मन शब्दादि विषयमा अनासक्त भै हाल्छ) जब सम्म शब्दादि विषयको ग्रहण भै राख्छ तब सम्म ध्यान हुन्छ (समाधि हैन) । जब सविकल्प समाधिको अभ्यासको फलले विषयको संस्कार चित्तमा रहँदैन तब चित्त मायाको कार्य जाग्रत आदि अवस्था देखि शोधित सन्मात्र आत्मस्वरूपमा ज्ञाता ज्ञान र ज्ञेय भावको बिनाशपूर्वक साक्षात्कार सम्म स्थित भैहाल्छ तब निर्विकल्प समाधि हुन्छ ।

अखण्डाकार वृत्तिहो सविकल्प समाधि र वृत्तिको अस्मरण (अज्ञातता) हो निर्विकल्प समाधि भनेको छ, निर्विकल्प समाधि द्वारा अज्ञान समूल उच्छेद भएको हुनाले अहङ्कार नष्ट हुन्छ (अर्थात् भेदकल्पना शिथिल हुन्छ) निर्विकल्प समाधिको अभ्यास द्वारा अद्वैत भावना-को अभिवृद्धि हुन्छ र परिपक्व–सप्तमी–ज्ञानभूमिका अखण्डाकार वृत्तिपनि विनष्ट हुन्छ (अहंकार वासना, अर्थात् भेद वासना विगलित हुन्छ) र अद्वैतावस्थान संभव हुन्छ।

यसरी ब्रह्माऽभ्यास गर्दै गर्दै गए पाँच ज्ञानेन्द्रिय शान्त हुन्छ, जब सारा संकल्प[1] (साक्षी भावबाट त्रिपुटी को उत्पत्ति) विनष्ट हुन्छ जब मनको कुनै वृत्ति रहँदैन, जब बुद्धिको सारा चेष्टा बन्द भैहाल्छ—अनादिकाल देखि आफ्नो-आफ्नो काममा लागी राखेको शरीर, इन्द्रिय, मन र बुद्धिको जब पूर्ण विश्राम मिल्छ तब बुझ्नु पर्छ कि परम गति प्राप्त भएको छ। ब्रह्माभ्यासी पुरुष ब्रह्माकार वृत्ति गर्दै-गर्दै शुद्ध आत्म स्थितिमा विहार गरी रहन्छ।

यदि कहिले यसप्रकार शुद्ध स्थितिको भंग हुनाको प्रसङ्ग आउँछ तब मुमुक्षु पुरुष तत्कालमा नै फेरी ब्रह्मा-कार वृत्ति उत्पन्न गर्छ विषय चिन्तन लाई न अपनाईकन

---

१. सारा त्रिपुटी उत्पत्तिको हेतु।

र प्रपंचको मिथ्या बन्धन बाट बारंबार मुक्त हुन्छ। यसप्रकार अभ्यासको फलले ब्रह्मसाक्षात्कार उदित हुन्छ (सप्तमी ज्ञान भूमिका)— अर्थात् ब्रह्माकार वृत्तिको भंग भएर मुमुक्षु पुरुष ब्रह्म रूपले अवस्थित हुन्छ। (हरिस्तोत्र ग्रंथ हेर्नु)।

प्र०—ज्ञानवान मनुष्यमा पनि त राग-द्वेष देखिन्छ; यस्को कारण केहो ?

उत्तर—कारण यो होकि त्यस्को दृढ ज्ञान भएको छैन परोक्षज्ञानलाई अदृढ ज्ञान भनेको छ।

प्र०—दृढ बोध कसलाई भन्दछ र कसरी प्राप्त हुन्छ ?

उत्तर—राग-द्वेष जब विचलित गर्न सक्दैन संसारको सत्यता बुद्धि अत्यन्त निवृत्त भैहाल्छ (संसारको कुनै वासना उदित हुँदैन)—तब बोधको दृढता हुन्छ भनि भनिन्छ। यसप्रकार दृढबोध समाधिको क्रमिक अधिक अभ्यास द्वारा मात्र प्राप्त हुन्छ। यसै लाईनै अपरोक्ष ज्ञान किम्बा साक्षात्कार भनेको छ। त्यस कारण उत्तम मुमुक्षु पुरुषले अवश्य समाधिको अभ्यास गर्नुपर्छ। नभए सारा दुःखको निवृत्ति र परमानन्दको प्राप्ति हुँदैन दृढ ज्ञान नभए जगतको वासनाले अवश्य नै आकर्षण गर्दछ र जन्म प्राप्त हुन्छ र बन्धनबाट मुक्ति प्राप्ति हुँदैन।

ग्रन्थ समाप्त।

परिशिष्ट

★

[२०३२।४।२९ मा श्रीगुरुदेवको दर्शनको लागि हेटौंराबाट प्रस्थान गरी, २०३२।४।३० मा श्रीगुरुदेवको कलकत्तामा दर्शन मिल्यो र २०३२।५।७ सम्म श्रीगुरुदेवबाट मलाई बक्सियेको उपदेश "कैवल्य कुञ्जिका" (आत्मानुभवको साँचो) मा परिशिष्टको रूपमा राख्नु भन्ने श्रीगुरुदेवको आज्ञा अनुसार यहाँ प्रस्तुत गरेकोछु।

—अनन्त]

●

परिशिष्ट-भूमिका

★

श्रीगुरु स्थानीय आमा बाबूलाई छोरा छोरीबाट हेला गर्नु उचित हैन। आमालाई हेला गर्नुबाट विद्यारण्य स्वामीको ठूलो हानि भयो। जन्मदाता आमा बाबू जस्तो होस् तर सज्जन छोराहरू बाट हेला गर्नु उचित हैन। यस बाट तिम्रो ठूलो हानि हुन्छ।

देवेश्वर हो असंसारी। उस्को भित्र संसारी भाव छैन। आफ्नो अनुभव स्वरूपमा लागि राख्यो। पद्मपाद आदि त्यस्तो हैन यिनीहरूको भित्र संसारी भाव छ; असंसारी बन्नु उचित हो। देवेश्वर ग्रन्थ हेर्नु लेख्नु पढाउने गर्छ आफ्नो लागि। पद्मपाद आदि ग्रन्थ हेर्छ अरूलाई बताउनको लागि। पढनुको आशय हो बुझ्नु। आफ्नो स्वरूपमा बसिरहनु। जस्तो देवेश्वर गरीराख्यो।

मानिस हो चार प्रकारको—(१) टिकानारायण जसले संसारलाई साँचो मान्द छ। (२) पद्मपाद आदि जस्ले आफूलाई खिन्न होइन त्यसको प्रकाशक (साक्षी) भनी मान्द छ। (३) देवेश्वर जस्ले आफूलाई सत् चित्

आनन्द ब्रह्म हो भनी अनुभव गरीरहन्छ। र (४) आचार्य-हरू जस्ले आफूलाई ब्रह्म भनी निश्चय गरेको छ।

देवेश्वरको वुद्धि सूक्ष्म छ पद्मपादको त्यस्तो हैन। कारण हो देवेश्वरको ज्यादा श्रद्धा छ संसारमा दिल छैन—दिलछ गुरु शास्त्रमा नेपाली कितावमा। देवेश्वर र गोविन्दमाथि ज्यादा गुरुभक्ति छ। आदि।

तिमीहरूको एकताबाट संस्था अगाडि बढीराख्यो एकतालाई कायम राखी छोडनु स्वार्थ पट्टि नलाग्नु। आफ्नो स्वरूपको अनुभवमा लागि राख्नु त्यसबाट एकता बनिरहन्छ। नेपाली किताब नियमित हेर्नें अभ्यास गर्नु त्यसोभए संसारको अभ्यास घट्दै जान्छ र स्वरूपको अभ्यास बढेर आउँछ। शरीर आदि संसार प्रारब्धानुसार चलिरहन्छ जस्तो देवेश्वरको नोकरी आदि नभएपनि खाई पिई राख्यो।

ईश्वर मौका दिराख्नु भो त्यो हो अद्वैत संस्था—सत्संग जसलाई दैव भन्द छ। त्यतातिर (सत्संगमा) लाग्नु हो पुरुषार्थ त्यसबाट कल्याण हुन्छ। ईश्वर क्यै गर्नु हुन्न तिम्रो जता लाग्ने इच्छा हो उतैतिर लगाई दिनु हुन्छ।

यथार्थ कुरा बताई दिने मानिस कोई मिल्दैन जस्तो मैले काशी, ईलाहावाद आदि स्थानमा खोज्यो घोड़ाको

पछाड़ि पनि दौड्यो तर कसैबाट एकटुक्रा कुरा मिलेन धेरै परिश्रम गरे पछि ईश्वर प्रसन्न भएर गीतादि शास्त्र-को अर्थ खुलेर आयो। ऐले हामीबाट तिमीहरूले बुझ्ने मौका छ हामी छँदै तिमीहरूले कुरा बुझ्नु पर्छ। हाम्रो जानुको पछि बताई दिने मानिस मिल्दैन त्यसैले हामी छँदै तिमीहरूले सारा मसिनो कुरा बुझि हाल्ने चेष्टागर। सारा कुरा नेपाली किताबमा राखीदिएको छ। नेपाली किताब श्रद्धाले हेर्नु र बुझ्ने चेष्टा गर्नु।

गंगाराम बाबुरामले गोविन्द ऊपर धेरै नराम्रो काम गऱ्यो सज्जन माथि त्यस्तो गर्नु राम्रो हैन। गोविन्द बड़ो सज्जन हो यस्तो मानिस पाईदैन।

गंगाराम कृष्णानन्दको खण्डन लेख्यो 'अक्षर पुरुष जड़ हैन चेतन हो' तर त्यो ठिक भएन। किनकि अक्षर पुरुष चेतन जस्तो भए पनि जड हो किन त्यो सदा रहँदैन। चित्त चञ्चल भएकोले मसिनो कुरा बुझ्न कठिन हुन्छ। त्यसैले तिमीहरू गंगाराम आदिको ज्यादा शतर्क हुनु जरूरी छ।

देवेश्वर र गोविन्दजीको सज्जनता माथि पुनः पुनः ज्यादा तारिफ गरी बक्स्यो।

हरिस्तोत्र प्रतिदिन १-१ श्लोक हेर्ने र बुझ्ने गर्नु

चित्तमा केही कुरा न उठाएर वस्नु हो समाधि। समाधिमा रहने पुनः पुनः अभ्यास गर्नु।

प्रश्न १—शास्त्रमा भनेको छ ब्रह्मबाट जगत उत्पन्न भएको छ, कसरी ?

उत्तर—ब्रह्म अज्ञान सित मिलेको त अज्ञानको कार्य हो चित्त। चित्त विकारी हो ब्रह्ममा आरोपित। चित्तको विकार हो जगत त्यसैले ब्रह्मबाट जगत उत्पन्न भएको छ।

प्रश्न २—शास्त्रमा भन्यो 'म पनि छैन, जगत पनि छैन' यसको अर्थ के हो ?

उत्तर—अर्थ हो म माने साक्षी, जगत माने त्रिपुटी (चित्तको तीन वृत्ति) साक्षी पनि छैन त्रिपुटी पनि छैन। 'म खिन्न छु' माने हो जगत्। त्यस्को प्रकाशक साक्षी यो दुवैको अभाव भए आफू ब्रह्म बाँको रहने।

प्रश्न ३—साक्षी कसरी नभएको हो ?

उत्तर—चित्त रहनु सम्म साक्षी रहन्छ, किन्तु निर्विकल्प समाधिमा साक्षी रहँदैन। ब्रह्म मात्र रहन्छ।

प्रश्न ४—अज्ञानीको लक्षण के हो ?

उत्तर—शरीरमा आफू बुद्धि गर्नु हो अज्ञानीको लक्षण। शरीर कहाँ बाट आयो ? माया किम्बा ईश्वरले

रचना गऱ्यो । जो आफू होईन त्यसलाई आफू भनी मान्नु हो भूल । हुनाले शरीरसित तिम्रो मतलब छैन इन्द्रजालिले रचिदियो यो कुरा तिमीले जानेन र 'म शरीर हुँ' भनी भूलले शरीरमा आफू बुद्धि हुन गयो, किन शरीर हो मिथ्या भनी नजानेंर ।

शरीर कसरी तिमी हो ? 'म हुँ चैतन्य' यस्तो नजानेर भूलले शरीर हुन गयो ।

जाग्रत हो बुद्धिको विद्यमानता । अर्थात् जाग्रत हो बुद्धि र स्वप्न पनि हो बुद्धि । बुद्धिले नाड़ीमा संचरण गरी रहनु हो स्वप्न । यो अवस्थाहरू हो बुद्धिको । सुषुप्ति हो बुद्धिको अभाव । बुद्धि पृथक् रूपले न रहनु हो सुषुप्ति ।

अन्नमयादि पाँच कोष हामी हैन र हाम्रो पनि हैन यसरी उल्लंघन गर्नु भो भृगु । भृगुले सक्ने हामीहरूले किन न सक्ने ? हिम्मत गर्नुपऱ्यो आनन्दमयकोषको विवेचन पछि देखाइन्छ ।

प्रश्न ५—सुषुप्तिमा अज्ञान रहन्छ ?

उत्तर—समाधि हो ज्ञान । सुषुप्ति हो अज्ञान । ज्ञानको नाम हो समाधि र अज्ञान हो सुषुप्ति । म अज्ञानी हुँ भन्ने अभिमान सुषुप्ति मा हुँदैन किन्तु अज्ञान हुन्छ ।

अभिमान न हुनुको कारण हो सुषुप्तिमा चित्त छैन। सुषुप्तिमा चित्त न भएकोले त्यहाँ कुनै पदार्थ हुन पाएन त्यसैले सुषुप्तिमा अज्ञान मानिन्छ तापनि अभिमान गर्नु संभव छैन, किन चित्त छैन त्यसैले।

सुषुप्तिमा अज्ञान (अभिमान) छ भने पनि हुँने, छैन भने पनि हुँने, किनकि सुषुप्तिमा चित्त नभएको हुनाले म अज्ञानी हुँ भन्ने अभिमान संभव हुँदैन, किन्तु चित्त अज्ञान रूप कारणमा लीन भएर रहेको हुनाले सुषुप्तिमा अज्ञान छ भनी मान्नु पर्दछ (निर्विकल्प समाधिमा अज्ञान ब्रह्ममा लीन भएर बस्दछ)।

ज्ञानीको केवल चित्तवृत्तिको अभाव देखिन्छ अरू क्यै पनि छैन त्यहाँ।

सुषुप्ति ईश्वरको वरदान हो। त्यसको विचारबाट ठूलो फाईदा हुन्छ। कुरा सहज हो तर दुर्भाग्यले मान्छे यसमा लाग्दैन। कष्टले अभ्यासले बनाउनु परेन बनी बनाउ कुरा हो आफू। शरीरको लागि क्यै चिन्ता गर्नु परेको छैन सब बन्दोबस्त भैसके को छ।

शरीर स्वस्थ छँदै ज्ञान लाभ गर्नु हो काम, यहाँबाट खोजेको सुख मिल्ने, धन मानबाट यथार्थ सुख न मिल्ने।

५० वर्ष अधिदेखि आज सम्म हामी यसैमा रमिराख्यो।

प्रिय मोद प्रमोद वृत्ति हो कार्यानन्द । कार्य माने चित्तको वृत्ति । कारण माने अज्ञान । सुषुप्तिमा अज्ञानको कार्य चित्त छैन अज्ञान छ । सुषुप्तिमा प्रिय मोद प्रमोद वृत्ति छैन त्यस्को कारण अज्ञान मात्र छ । भोक्ता तिमी हो स्वाप्निक आनन्द र भोक्ताको साक्षी तिमी हो सौषुप्त आनन्द । भृगुले सौषुप्तलाई लियो पछि त्यसलाई पनि छोड दियो यसरी भृगु ज्ञानी बन्यो । विद्यारण्यले भृगु कसरी ज्ञानी बन्यो त्यो भन्न सकेन । साक्षी कारणानन्द हैन । पद्मपादको भूल हो, साक्षीलाई कारणानन्द भनी-दियो ।

सुषुप्ति हो, अज्ञानले आत्मालाई ढाकेको छ । त्यसैले अज्ञानको तीनप्रकारको वृत्ति भो । सुषुप्तिलाई तस्वीर बनाएर हेर्नु पर्‍यो । सुषुप्तिलाई राम्ररी हेरे ज्ञानी बन्न सक्ने । सुषुप्तिको बारेमा पछि विवेचन हुन्छ ।

शास्त्र भन्छ मरणलाई कैले पनि न विर्सनु त्यसो भए वैराग्य हुन्छ । मर्नुपर्छ भन्ने कुरा मनमा राखे तिमीबाट नराम्रो काम हुन पाउदैन । वैराग्य हो सर्वप्रथम कुरा । वैराग्य भए संसारमा रुचि हुँदैन—ज्ञानमा रुचि हुन्छ । पुराण जाने संसारबाट विरक्ती हुन्छ ।

चित्तको फुरिरहनु हो जाग्रत । वासना फुरीराख्नु

हो स्वप्न । अज्ञानसित मिलिराख्नु हो सुषुप्ति । ज्ञान-सित मिलिराख्नु हो समाधि ।

मसिनो उपाधि हो दुईवटा (१) सुषुप्ति र (२) समाधि । सुषुप्ति र आनन्दमयकोष हो एउटा कुरा । बुझे साराकुरा बुझ्नमा आउने जस्तो भृगुले बुझ्यो । पद्म-पाद, न्यौपाने आनन्दमयकोष बुझेन । रामप्रसाद एउटा कुरा नबुझेर भाग्यो ।

सुषुप्ति के हो ? बुझ्नु पर्छ

तिमी अज्ञानयुक्त भएर रहनु हो सुषुप्ति । चित्तयुक्त भएर रहनु हो जाग्रत । ज्ञानयुक्त भएर रहनु हो समाधि । यो हो पैला टुक्रा कुरा । अज्ञानमा प्रतिबिम्बित भएर आत्मा बसिरहनु हो सुषुप्ति । यो हो दुई मोटा कुरा ।

प्रतिबिम्ब कस्तो प्रकारको हो ? अज्ञानमा सुखा-कार वृत्ति हुनु मजासित सुत्यो भन्छ यो हो प्रतिबिम्बको एक टुक्रा कुरा । कुरा हो सुखाकार वृत्ति । आनन्द हो आफ्नो स्वरूप त्यो प्रतिबिम्ब भो अज्ञानमा सुखाकार वृत्ति । अज्ञानको सुखाकार वृत्ति (कारणानन्द) । सुखको अनुभवमा साधन हो सुखाकार वृत्ति । प्रतिबिम्ब हो तीन प्रकार—(१) सुखाकार वृत्ति त्यो अज्ञान जहाँबाट म

मजासित सुतेको अनुभव हुन्छ । (२) साक्षीआकार अज्ञान वृत्ति हो तिमी । सुषुप्तिमा अरू एउटा कुराको अनुभव हुन्छ त्यो हो 'मैले केही पनि देखेन' यसलाई भन्छ । (३) अज्ञानाकार वृत्ति । भोक्ता भोग भोग्य र आनन्दमय-कोष सिद्धभो । सुषुप्तिमा तीनवृत्ति हुन्छ अज्ञानको, यत्ति हो सुषुप्ति ।

सुषुप्तिमा अज्ञान भएकोले त्यसको तीनवृत्ति हुन्छ—(१) सुखाकार वृत्ति (२) साक्षी आकार वृत्ति (३) अज्ञानाकार वृत्ति ।

ज्ञानी र अज्ञानीको परीक्षा हुन्छ मरण आउँदा । चित्त नष्ट हुनु हो ज्ञान । चित्त रहनु हो अज्ञान । पद्मपाद न्यौपाने कुरा बुझ्नसकेन किन चित्त छ संसारमा ।

अखण्डाकार वृत्ति हो ज्ञानको । अज्ञानको वृत्ति हो ज्ञानको ठिक उल्टा ।

सुषुप्तिलाई रात्ररी बुझे माथि चढन पाउने, सुषुप्ति नबुझे जाग्रतमा नै मर्नें । सुषुप्ति नबुझे आगेको रास्ता मिल्दैन । जाग्रत स्वप्न गैहाल्छ सुषुप्ति बुझे त्योपनि गैहाल्छ तिमी बाँकी रहन्छ ।

ईश्वरको नियम हो हामी जतातिर दिल दिन्छ त्यस-लाई ईश्वर पूरा गरी दिनु हुन्छ । हामी ज्यादा दिल

दिएर लाग्यो ईश्वरले कुरा बुझाई दिनु भो, ईलाहाबाद काशीबाट कुरा मिलेन ।

समाधिमा आफू रहन्छ शान्त चित्त रहन्छ त्यस्मा आत्मा प्रतिबिम्बित हुन्छ यो हो समाधि किम्बा अखण्डाकार चित्त । उसैको नाम हो ज्ञान ।

सुषुप्ति बुझे सारा परित्याग हुने त्यहाँ आत्मा वाहेक अरू छैन त्यसोभए समाधि हुन पांउने । कुरा भए न चिन्ता हुने । सुषुप्तिमा कुनै कुरा छैन भए देखिन्थ्यो । यो कुरा रात्ररी याद भए चित्त खण्डाकार हुँदैन । अर्थात् चित्त अखण्डाकार हुन्छ । यसैलाई ज्ञान भनेको छ । सुषुप्तिमा सुखरहन्छ, आत्मा रहन्छ । अज्ञान रहन्छ ।

अहंकार हो भोक्ता । भोक्ता भएको हुनाले तिमी कर्ता बन्यो भोगको लागि । अज्ञानसित मिलेको आत्मा हो भोक्ता, त्यो नै हो वास्तव अहंकार । चित्तसित मिलेको हो प्रमाता उवास्तव अहंकार हैन ।

निष्काम कर्मयोग भोगको लागि हैन, त्यो हो ज्ञानको लागि । चित्तको शुद्धिद्वारा ज्ञानको प्राप्त गर्नु हो निष्काम कर्म । ज्ञानी भए भोक्ता हुँदैन ज्ञानी नहुनु सम्म भोक्ता हुन्छ । भोक्ताभावको निराकरण भए प्रमाता भावको निराकरण हुने । ज्ञानी भए भोक्ताभावको निराकरण हुने । ज्ञानी नभए भोक्ताभावको निराकरण नहुने ।

अक्षर पुरुष (मायाशक्ति) जड़ हो, चेतन हैन चेतन जस्तो देखिन्छ तर चेतन हैन, जड़ हो। चेतनवत् देखिन्छ-तर चेतन हैन वस्तु मिथ्या हो कसरी चेतन हुने ? गंगा-रामले ध्यान दिन सकेन।

ब्रह्मानन्द आफू ज्ञानवान हैन शान्तानन्द अखण्डा-नन्द र करपात्रीजीको पनि गुरु हुनुहुन्थ्यो। तर ज्ञान जानेको थिएन त्यसैले यिनीहरूलाई ज्ञान सिकाउन सकेन।

स्वप्न जस्तो हो ठिक त्यस्तै जाग्रत हो फरक हैन। ज्ञानमा बलगर्नु ठूलो चिज हो प्रक्रिया बुझ्नु ठूलो चिज हो।

मोक्षोपाय गुरुचन्द्रिका ग्रन्थ धेरै सरल छ तिमीहरूको लागि ज्यादा उपयोगी हो १।२ पृष्ठ नियमित हेर्नें गर्नु सरल कुरा हो।

आफ्नो अनुभवरूपमा (आत्मप्रकाशमा) खतम हुनु

आत्मा अनात्माको विचार गर्नुपर्छ। आत्मा अनात्मा-को विचार गरे संसार पट्टि दिल जाँदैन। संसार अनात्मा हो—भएको हैन। आत्मा भएको वस्तु हो। जब फुर्सद

हुन्छ तब संसार झूठा हो आत्मा सत्य हो भनी विचार गर्नु पर्छ । तब संसार बाट दिल उठ्छ ।

मनमा चिजविजको इच्छा हुन्छ या आत्माकार वृत्ति हुन्छ तिम्रो थाह हुन्छ । संसार हो चिजविजको इच्छा । वृत्ति माने हो इच्छा । वृत्तिको अभाव हो इच्छाको अभाव । मकान धन्न पहाड़ले क्यै हानी गर्दैन हानी गर्छ आशा र इच्छाले । जब वृत्ति चल्दैन (चिजको इच्छा उठ्दैन) तब बाटोमा लाग्यो । सुषुप्ति बुझे संसार को इच्छा हुँदैन ।

आफू शुद्ध चैतन्य प्रकाशरूप नित्य विद्यमान सुख-रूप आफू हो त्यो सुषुप्तिको आफू हो तिमी ।

बुद्धिमान मानिस निरिच्छित रहन्छ । दुःखको एक मात्र कारण हो इच्छा । सुषुप्ति राम्ररी बुझे वैराग्य हुन्छ । सुषुप्ति हेरे त्यहाँ सिन्को पनि छैन । इच्छा घटे ठूलो लाभ हुने । देवेश्वरको तारिफको कारण हो नोकरी नभए पनि धन कमाउने कोसिस नगरे पनि उस्को जीविका चलि राख्यो । यो कुरा देवेश्वरले राम्ररी देख्यो बुझ्यो त्यसैले इच्छा गयो । त्यै हो देवेश्वरको तारिफ । देवेश्वर निरिच्छित भएकोले बढ्ने मौका पायो । यो कुरा पद्मपाद-हरूमा छैन त्यसैले बढ्न पाएन ।

साधारण मानिस एकपाउ आगे बढ़दैन कारण हो संसारको इच्छा छ। संसारको इच्छा रहनु सम्म जति सत्संग गरेपनि आगे बढन सक्दैन। संसार पट्टि लागे ईश्वर रिसाउनु हुन्छ। साधारण मानिस संसार छोडन सक्दैन। ईश्वर हेरी रहनु हुन्छ-ईश्वर पट्टि फर्के अगाडि बढ़ाउने नभए नबढ़ाउने।

खिन्नता हो चित्तको वृत्ति, त्यो भएको हैन। पद्मपाद हो ब्रह्म, साक्षी हैन। ईश्वर सब गरीराख्नु भो हामीहरूको कल्याणको लागि। गरुड़ पुराणमा कर्म, भक्ति, ज्ञान, वैराग्य आदि छ। नेपाल ज्ञानको अनुकूल ठाउँ हो। नेपाल हाम्रो अनुकूल भो। हामीले लोभ गरेन तब ईश्वर प्रसन्न हुनु भो र गीतादि शास्त्रको अर्थ खोली दिनु भो। काम काज गरेर हानी छैन, हानी हुन्छ आशा इच्छाबाट।

कुनैप्रकार चिन्ता नगरेर भित्र सबै ठाउँमा उज्यालो आत्म-वस्तुमा तिमी खतम भएर मजासित बसि राख, तिमीले खोजेको कुरा मिलिराख्यो। आत्मप्रकाशमा तिमी खतम भैहाल, यत्ति हो मिल्नु। यसैलाई भन्छ अहंकारको खतम गर्नु। अहं भन्ने म भन्ने मान्छेलाई नाश गर्नु।

बाटो हो संसारलाई त्याग गर्नु र उज्यालो आत्म-स्वरूपलाई ग्रहण गर्नु। म भन्ने खडा गर्छ अनी जगतको

इच्छा गरीरहन्छ । साधारण सत्संगी आउँछ, जगतसित मिलेर बसछ तब कुरा कसरी मिल्ने ?

'म एउटा हुन पाउँ' चित्तको यो तीनप्रकार वृत्ति हो संसार। यसलाई परित्याग गरेर आत्मप्रकाशमा वस, सव मिल्छ भनी शास्त्र सज्ञन भनी राख्नु भो । तर सव खोजीराख्यो चिजविज त्यसैले आत्मज्ञानी हुन पाएन । मानिस केवल चिजविज खोजी राख्यो त्यसैले ज्ञान भएन। चिजविज नखोज्नु हो असल चित्त, उसमा ज्ञान प्राप्त हुन्छ । इच्छालाई छोड़ दिए आत्मालाई पाउने, इच्छालाई छोड़ी दिए आत्माको अनुभव हुनपाउने । इच्छा रहनु सम्म आत्माको अनुभव हुन नसक्ने । जव तिम्रो मनमा इच्छा रहँदैन उसको नाम हो निर्विकल्प समाधि (आत्मज्ञान) उसैको नाम हो 'यत्ति बुझ्न पाउने' । सव बुझ्नमा आउने यदि संसारको इच्छा नभए। इच्छा हुनु सम्म बुझ्नमा न आउने । साराइच्छा परित्याग गर्नु र ज्ञानी हुनु एउटै कुरा हो।

नित्यनिरन्तर वुझ्नु पर्‍यो चिजविज छ कि छैन । इच्छा त्यागको कोसिस गर्नु आज पनि भोली पनि गरी रहे इच्छाको त्याग हुने नभए नहुने । सुषुप्तिको विचार गरीरहनुबाट इच्छा परित्यक्त हुन सक्ने ।

सुन्न अनन्त ! जो मान्छे आफूलाई 'म' भनी मानेको त्यो बढन पाउँदैन किन म वन्नासाथ मेरो स्त्री पुत्र धन आदि आई हाल्दछ। आफू र आफूको चिजविजको परित्याग गर्नु हो संसारको परित्याग---चिजविजको परित्याग। आशय हो 'म (त्रिपुटी साक्षी) छैन' जगत (त्रिपुटी) पनि छैन के छ त ? आत्मा छ। यसैको नाम हो आत्मप्रकाशमा रवतभ हुनु। यो हो वाटो अरूवाटोमा अलिकति पनि बढनु संभव छैन।

सत्संगमा मानिस आई रहको छ, बढ़ेको छैन किन ? बाटो पाएको छैन। बाटो हो म मेरोलाई त्याग गरी दिनु। त्यो गरेको छैन त्यसैले वढ़ेको पनि छैन। यसरी याद न भए मानिसको हानी हुन्छ। भूलवाटोमा चलेर कुरा बुझ्न न पाउने त्यसैले धेरैले बुझ्न पाएनन्।

उपदेश हो दुई प्रकार

एक हो विधिमुख र दोश्रा हो निषेध मुख दुईबटा बाटो छ। विधि मुखले आत्मप्रकाशको भित्र वस्नु र निषेध मुखले म मेरो लाई छोड़नु। क्यै चिन्ता नगरेर वस्नु हो आत्मप्रकाशमा वस्नु। म वनेर वस्तु किन ?

म भन्ने सुषुप्तिमा रहँदैन त्यसैले ऐले पनि छैन यस्तो जानेर वस्नु हो आत्मप्रकाशमा वस्नु ।

म मेरो नराख्नु हो आत्मप्रकाशमा प्रवेश गर्नु तब अमर हुने मान्छे । सत्संगीले भन्छ 'म सत्संग गरेकोछु' त्यो भन्ने मान्छे भएको हैन । म मेरो हेर्नेको ठाउँ हो सुषुप्ति । त्यहाँ म मेरो पाईंदैन त्यसैले 'म' भन्ने मान्छे भएको ठहरेन ।

ईश्वरको अनुग्रह हो वस्तुस्थिति जानकारी गरेर आत्मप्रकाश मा बसिरहनु । हाँ, त्यो बाटो चन्द्रानन्द रामप्रसाद आदि नलिने ।

सारा वेदान्तको सार हो 'म मेरो छैन, आत्मा मात्र छ' रहस्य कुरा म क्रम क्रमले तिमीलाई सुनाई दियो ।

सत्संगमा झूठ कपट ल्याउन नदिनु—निरसन गरी दिनु । वास्तवमा कोई बढ़ेको छैन । एक दुईजना अलि-अलि बढ़ीराख्यो देवेश्वर गोविन्द आदि । म मेरो राख्नु सम्म बढन पाँउदैन ।

केवल आत्मप्रकाश छ । तिमी भूलले एकजना मानिस 'म' (किम्बा त्रिपुटी साक्षी) खड़ा भएर यसो हो उसो हो गरो राख्यो । आत्मप्रकाशमा त्यो म लाई खतम गरीदिनु हो निर्विकल्प समाधि ।

मैंले ज्यादा परिश्रम गऱ्यो घोड़ाको पछि-पछि दौड्यो, तर कोई क्यै वताएन, मात्र ईश्वरको प्रसन्नताबाट मिल्यो ।

संसार नछोड्नु सम्म अलिकति पनि बुझ्नमा आउँदैन । हाम्रो आशय हो ज्ञानको लागि बलगर्नु पऱ्यो तिमीहरूको अरूलाई संझाएर के मिल्ने तिम्रो ? क्यै मिल्दैन ।

विहान उठेर परमात्माको चिन्तन गर्नुपर्छ, त्यसोभए दिनभर परमात्माको सूक्ष्म रूपले याद रहने र सुत्दा खेरी पनि परमात्माको याद गरेर सुत्नु । परमेश्वर सित एकता भएर रहनु हो सुषुप्ति । किन सुषुप्तिमा म मेरो छैन र परमात्मा मात्र छ, त्योसित मेरो एकता हुन्छ । यो कुरा 'ज्ञाननिष्पत्तिमा' छ । तिम्रो लागि 'पराशान्ति' छ । ऋषभको हृदय जित्यो 'चतुःसूत्रीले' । खुदीको लागि 'योगसिद्धि' वन्यो किन ढुंगै ढुंगा छ त्यहाँ त्यसैले ठाउँ अनुसारको किताब वन्यो ।

गर्नुपर्छ परलोकको लागि । यस लोकको लागी गरेर आयो कसैको छोरा किन भएन ? परलोकमा राखेर आएन । यत्न गर्नु पऱ्यो आत्मज्ञानको लागी । खरदार साहेब परलोकको चिन्ता गरेर जानुभो । खान पानमा लागेन ।

मैंले नियमित पढने सुन्ने गऱ्यो तब उल्टा अभ्यास गयो। नभए नहुने थियो। फुर्सदमा लेख लेख्थ्यो सिद्धांतको लागि। १-२ घन्टा घन्टाघर मा पढाउथ्यो यसरी बाँकी सारा हाम्रो समय परमार्थको लागि लागी रहन्थ्यो। शनिश्चरवार बाबाको गुफामा सत्संग म चलाउथ्यो। अरू विदा पनि उहीं वस्थ्यो। शिवरात्रीमा घन्टाघर हामी नजाने गुफामैं वस्थ्यो किन विद्वानहरू आउँछन् नी। त्यै वेला जो हाम्रो भित्रको जीवनी हो त्यो 'अमृत वचनमा' राख्यो।

परमात्माको चिन्तन हो आत्म चिन्तन, त्यसैको नाम हो आफूको चिन्तन, त्यसोभए हृदयमा परमात्माको चिन्तन वगिरहन्छ। १।२ घण्टा अनुकूल टायम राख्नु पऱ्यो। गोबिन्द देवेश्वर यसरी नै बढ़ी राखे।

पढनु पऱ्यो आफूको लागी-अरूलाई संझाउनको लागी हैन। देवेश्वर पढ़छ आफ्नो लागी।

शुद्ध चैतन्य ब्रह्म हो परमात्मा। त्यो परमात्मा मायाशक्ति द्वारा जगत चलाउने परमेश्वर बन्नु भो। जस्तो छोरा उपाधिले पिता वन्नु भो त्यस्तै माया उपाधिले शुद्धचैतन्यब्रह्म ईश्वर बन्नु भो।

परमेश्वरको चिन्तन गर्नु माने हो मलाई खतम गरी

दिनु र परमात्मालाई बाँकी राख्नु । म भन्ने मान्छे छैन सब कुछ हो परमात्मा । यस्तो अनुभव गर्नु हो परमेश्वरको चिन्तन गर्नु । आफूलाई चढ़ाई दिनु पऱ्यो अर्थात् म भाव मेरो भाव लाई परमात्मा देखि पृथक् रूपले राख्नु भएन । आफूको इच्छा पूर्वक चेष्टालाई खतम गरीदिनु । म नभए कसरी चल्ने भन्ने तिम्रो मूर्खतालाई हटाईदिनको लागि शास्त्रले भक्ति बतायो । ईश्वर क्यै गर्नु हुन्न मात्र तिम्रो कमाई दिनु हुन्छ ।

"जगत मिथ्या हो, अहं मिथ्या हो, म क्यै हैन" यस्तो बुझ्नुलाई भन्छ परमेश्वर-चिन्तन (निर्गुण-भक्ति) । हे परमेश्वर ! हे परमेश्वर ! भन्नु परमेश्वरको चिन्तन हैन, त्यो हो मूर्खता । अहं वन्नु सम्म परमेश्वरको चिन्तन भएन, अहं न वन्नु हो परमेश्वरको चिन्तन । अहं बनेर जो परमेश्वरको चिन्तन गर्न खोज्छ त्यो हो मूर्खता मात्र ।

समाधि

'म त्रिपुटी साक्षी हैन, किन्तु म हूँ ब्रह्म' यसप्रकार अनुभवलाई (अचल चित्तलाई) निर्विकल्प समाधि भनेको छ । निर्विकल्प समाधिमा तिमी आफूलाई आत्मा भनी अनुभव गर्छौं । त्यसैले आत्मानुभवको साँचो निस्क्यो । 'म ब्रह्म हूँ' भन्नु तव ठिक हुन्छ, जब आत्माको अनुभव

निर्विकल्प समाधिमा हुन्छ। जस्तो 'म राजा हुँ' भन्ने कुरा प्रमाणित हुँदैन त्यस्तै शरीरलाई लिएर 'म साक्षी हुँ। भन्नु ठिक हुँदैन। त्यसैले आत्मानुभवको साँचो चाहियो। सुन ! निर्विकल्प समाधि पहाड़ बोक्नु हैन। सुषुप्तिमा अहं छैन ऐले पनि छैन यस्तो अनुभव गर्नु हो निर्विकल्प समाधि। अहं ममले निर्विकल्प समाधि हुन दिएन।

सुन ! सत्संगीले भन्छ 'यत्ति बुझ्नपाए हुने' त्यो हो अहं मम त्यसलाई छोड़ दिनु तव बुझ्न पाउने। अहं मम छैन सुषुप्तिमा। त्यसैले आनन्द हुन्छ त्यहाँ पदार्थ छैन आफू छ, त्यसैले सुखको अनुभव हुन्छ, सुषुप्तिमा मन छैन यहाँ मन छ, त्यसैले समाधि (अमनस्कता) यहाँ हुन सक्ने किन्तु सुषुप्तिमा समाधि हुन न सक्ने, किन त्यहाँ मन छैन। मन चाहिन्छ किन्तु अचलमन। अहं (त्रिपुटी साक्षी) बन्नु सम्म समाधि नहुने। अहं बनेर यत्ति बुझ्न कसरी पाउने ? त्यसैले चन्द्रानन्द आदिले अहं ममलाई छोडनु पर्छ।

अहं मम भावको निरसन

बाटो हो म मेरो छैन उसलाई लिएर कुनै कुरा नबुझ्ने पक्षपाद आदिको बाटोमा लाग्नु पर्छ। म मेरो

नष्ट भए प्रसन्नता हुने, नभए मानिस प्रसन्न हुन नपाउने । त्रिपुटी साक्षी भन्ने मान्छे छैन । त्रिपुटीसाक्षीलाई हटाउनु हो कैवल्यको साँचो । त्रिपुटीसाक्षी वन्नु भएन किन त्रिपुटी छैन, भए सुषुप्तिमा देखिने थियो । त्यसैले तिमी साक्षी हुन पाएनौ । वाटोमा लागे ज्ञानी हुन पाउने । कुरा सहज हो वनाउनु पर्दैन जस्तो कर्ण कुन्तीपुत्र हुन कठिन भएन किन वनिवनाउ हो । त्यस्तै तिमीहरू पनि ज्ञानरूप हौ, थाह भएन ऐले थाह भो ।

सुधार चाहिन्छ भित्रको । बाहिर मायिक शरीर छोरा छोरी हिडी राखोस् त्यो तिमी हैन, तिम्रो हैन तिमी हो शुद्ध चैतन्य । त्योहुन म मेरोलाई ईश्वरमा चढ़ाई दिनु, बाँकी शुद्ध चैतन्य तिमी रहन्छ ।

कुरा के भो यसको आज पनि भोलि पनि सधैं र नित्य निरन्तर यसैको अभ्यास, गर्नु पर्‍यो नभए सुने पनि कुरा दबेर जान्छ । किताब्र धेरै वन्यो अभ्यासको लागी । आज एउटा पढ़ी सक्यो फेरि अर्को हेर्नु । गर्नु पर्‍यो आफूको वारेमा तिम्रो भूल धारणा छ (म मेरो) त्यसलाई छोड दिनु पर्‍यो । भूल धारणा हो शरीर म भनी मान्नु । जान्नु तिम्रो काम हैन; किनकि त्रिपुटी अन्तःपाटी ज्ञाता तिमी हैन । काम हो वन्नु । जो हामी हो (त्रिपुटी साक्षी

देखि माथि) त्यै वन्नु। 'म साक्षी हूँ' यथाभावि भन्नु भएन। अर्थात् शरीर आफू वनेर साक्षी हुँ भन्नु भएन, साक्षी हूँ भन्नु पर्‍यो अनुभव गरेर।

जान्नु हो भ्रम मूलक

सवैले जान्न खोजी राख्यो तर आफूलाई सुधार गरेन। उही पुरानो मानिस रहने त्यसैले ज्ञन बोझा बढ्यो। ज्ञाता ज्ञान ज्ञेय यो त्रिपुटी मिथ्या हो। तिमी ज्ञाता हैन ज्ञाता हो मिथ्या। भूल सुधार गरे आफू बाँकी रहने किनकि जान्नेवाला मानिस आफू हैन। कुरा सुन्छ वताउँछ तर आफू जस्तोको त्यस्तो (त्रिपुटीको भित्र परेको ज्ञाता) रहने त्यो ठिक भएन। आफूको सुधार गर्नुपर्छ।

भगवान वसिष्ठको उपदेश रामले सुने, बने। अष्टावक्रबाट जनकले सुने, बने अर्थात् देहादि राज्य गरीराख्यो त्यो हो मायिक, आफू हैन, यस्तो निश्चय भयो। कर्णले तिमी सूतपुत्र हैनौ कुन्ती पुत्र हौ भन्ने सुन्यो कुन्ती पुत्र बनि हाल्यो। त्यस्तै तिमी देह, ज्ञाता, कर्ता हैन तिमी हो शुद्ध चैतन्य सुन्यो वनि हाल। शरीर-लाई मार्नु परेको छैन शरीर मायिक हो, मायाबाट जसरी चल्ने हो त्यसरी चलिरहन्छ। कुरा कठिन हैन। अहं

वन्नु सम्म कठिन हुन्छ। चन्द्रानन्द अहं बनेर बन्न खोज्यो त्यसैले भएन।

ब्रह्मज्ञान हो भूलको निराकरण मात्र

भूल हो म शरीर हुँ र जगत हो मेरो भनी मान्नु। यो भूल रहन्नु सम्म बाटोमा लागेन। भूललाई हटाए तब बाटोमा लाग्ने। देवेश्वर बाटोमा लाग्यो। गोविन्द सज्जन भएकोले अलिअलि बाटोमा लागि राख्यो। पद्मपाद चन्द्रानन्द आदि बाटोमा लागेनन्, किन भूललाई छोड़ेन अर्थात् म मेरोलाई राखी छोड्यो।

जहाँ सम्म म मेरो छोड़दैन त्यहाँ सम्म आगे बढनु संभव छैन, किन म मेरो भाव पुष्ट भैरहन्छ। "मैले खुब गरीराख्यो अलि बाँकी छ ऐले" यो हो म मेरो भावको पुष्टी। सिंगै भूललाई छोड़नु पऱ्यो। जगतमा आफ्नो बुद्धि र शरीरमा मेरो बुद्धि राख्नु भएन। तब तिमी इच्छा नगरेतापनि ज्ञानवान वन्ने। शिवशंकर बढ़न पाएन उस्को दिल संसारमा छ। त्यसैले कुरा बुझेन संसार मा संतुष्ट छ। गोविन्द बलगरी राख्यो बढ़ी राख्यो सज्जनताले जित्यो। संतुष्ट छ बेचारा त्यसैले म मेरो भाव घटि राख्यो। म मेरो भाव बाबुराम गंगारामको घटेको छैन। म मेरो भाव साँचो हैन, त्यसैले घटाउनु पऱ्यो र हराउनु

पर्‍यो । तिमीलाई संझाउने पद्मपाद आदिको नाम राख्यो पक्षपात गरेन । यथार्थ कुरा भनिदियो ।

सुषुप्तिको संक्षिप्त विवेचन

बुझ्न लाएक कुरा हो सुषुप्ति र आनन्दमयकोष यो दुवै एउटै कुरा हो । सुषुप्तिमा अज्ञान रहन्छ, आनन्द रहन्छ आत्मा रहन्छ । सुषुप्तिमा अज्ञान भिन्न रूपले रहँदैन किन चित्त छैन, तापनि क्यै पनि जानिन भन्ने अनुभव हुन्छ । त्यहाँअज्ञानको तीनप्रकार वृत्ति रहन्छ (१) सुखाकार वृत्ति (२) अज्ञानाकार वृत्ति र (३) साक्षी आकार वृत्ति । सुखा-कार वृत्तिले भोक्ताभाव खडा भो—मजासित सुतिराखेको छ, यस्तो अनुभव हुन्छ । अज्ञानाकारले क्यै पनि जान्दैन भन्ने अनुभव हुन्छ । यसरी नजाने पनि सुषुप्ति मा मान्छे (तिमी) ब्रह्म भएर वस्द छ । तर समाधिमा मान्छे अनुभव पूर्वक (अचल बुद्धिको सहाराले) ब्रह्म भएर वस्द छ ।

आनन्दमय कोषको अवयवहरू

अवयवहरू हो पाँचवटा (१)–(३) प्रिय मोद प्रमोद अन्तःकरणको वृत्ति । प्रिय वृत्ति हो इष्ट वस्तुको दर्शन-बाट उत्पन्न । मोद हो लाभबाट उत्पन्न वृत्ति र प्रमोद हो त्यसको भोगबाट उत्पन्न वृत्ति । प्रिय मोद प्रमोद

वृत्तिहरूलाई कार्यानन्द भनेको छ। (४) सुषुप्तिमा चित्त-को तीन वृत्ति अज्ञानमा लीन भएर बस्द छ। यसरी प्रियादि तीन वृत्तिलाई भिन्न राखिकन अन्तःकरणको कारण जो अज्ञान हो त्यो अज्ञान आत्मस्वरूपको प्रति-विम्ब समेत सुषुप्तिमा स्थित रहन्छ। अर्थात् आनन्दमय-कोषको चतुर्थ हिस्सा हो अज्ञानमा प्रतिबिम्बित भएको आनन्द स्वरूप आत्मा। यसैलाई कारणानन्द किम्बा अज्ञानानन्द भनेको छ। (५) यसरी प्रिय मोद प्रमोदरूप तीन अन्तः करणको लीन वृत्ति र अज्ञानमा प्रतिबिम्बित ब्रह्मानन्द (जसलाई आत्मानन्द किम्बा निजानन्द पनि भनेको छ) र आत्मानन्द। अज्ञान-आनन्दलाई भोक्ता भनेको छ र आत्मानन्दलाई भोक्ता-को साक्षी किम्बा सौषुप्त आनन्दमय किम्बा प्राज्ञ भनेको छ।

अज्ञान आगन्तुक कुरा हो, समाधिमा अज्ञान रहँ-दैन। भृगुले यो कुरा राम्रोरी देखे प्रिय मोद प्रमोद आदि नश्वर हो अज्ञान आनन्द ज्ञानले नष्ट भो बाँकी आत्मानन्द म हुँ यै अनुभव गरे भृगुले। शरीर देखि अविद्या अज्ञान सम्म तिमी हैन तिमी हो आत्मा यै कुरा भृगुले देखे ज्ञानी बने। तिमी भन्दा कम उमेरको

मानिस। संस्थाको सदस्य भएर अज्ञानी भएर हिडनु भएन, ज्ञानी भएर हिडनु पर्‍यो। सुषुप्ति र आनन्दमय-कोषलाई राम्ररी हृदयमा राख्नु पर्‍यो।

अज्ञानानन्द, कारणानन्द, स्वाप्निक आनन्द, भोक्ता र प्राज्ञ एउटै कुरा हो। प्राज्ञ भोक्तालाई पनि भन्छ त्यसको साक्षीलाई पनि भन्छ। प्राज्ञको दुई अर्थ हो भोक्ता प्राज्ञ हो अज्ञानी र सौषुप्त आनन्दमय प्राज्ञ हो ज्ञानी।

सारा नेपाली कितावले निर्भेद आफूमा पुर्‍याई दिन्छ। त्यसैले "अद्वैत संस्था" नाम राख्यो। खिन्नता र प्रकाशक छैन त्यसलाई छ भनि मान्नु हो संस्थाको सिद्धान्त विरोधी काम।

सत्संग प्रेमीहरूको कर्तव्य के हो ?

सत्संग र वेदान्त शास्त्रको सिद्धान्त यो हो कि अनुभव रूप आत्मसत्ता सर्वदा प्रकाशमान भैराखेको छ (अर्थात् मुमुक्षु हरूको हृदयमा जाज्वल्यमान छ); र त्यसकारण दृश्यमान जगत मिथ्या रूप हो (किम्बा सत् ब्रह्मरूप हो)। यसरी एक अद्वितीय भेद रहित परमार्थ सत्य आत्मब्रह्म निरन्तर प्रकाशित छ र आत्मा देखि व्यतिरिक्त कुनै पदार्थ वास्तवमा छैन। त्यसोभए उत्तम

मुमुक्षु पुरुषको यो सिद्धान्त पट्टि सर्वदा अवधान युक्त भैराख्नु एकमात्र कर्तव्य हो ।

सत्संग र सत्-शास्त्र सित सम्पर्क राखीकन पनि मानिस आफ्नो वास्तव स्वरूपलाई बिर्सिराखेको छ र त्यसैले सर्वदा भेद रहित आत्मस्वरूपमा भेदको कल्पना गरी राख्छ । यसको परित्याग गर्नु हो कर्त्तव्य ।

आत्म स्वरूपमा भेदको कल्पना के हो ? यसको जवाफ यो हो कि आफू वास्तवमा सत् चित् सुख स्वरूप आत्मा भैकन पनि सत्संग प्रेमीले आफूलाई दृश्य देहादि जगत् प्रपंचको द्रष्टा भनी मानिराख्द छ । यो हो आत्म स्वरूपको विस्मरण; आत्मा वास्तवमा कुनै दृश्य पदार्थको द्रष्टा (साक्षी) हैन, किनकि चित् स्वरूप आत्मादेखि भिन्न अलिकति पनि दृश्य पदार्थ छैन ।

तब दृश्य जगत कहाँबाट आएको छ ? जवाफ यो हो कि दृश्य कहिले पनि, अलिकति पनि, एकक्षणको लागि पनि बिल्कुलै आएको छैन । किनकि यो हो सत् शास्त्रको सिद्धान्त । तब दृश्य किन देखिन्छ ? उत्तर यो हो कि त्यो डोरीमा देखिएको सर्प झैं किम्बा स्वप्नमा देखिएको प्रपंच झैं बिल्कुलै कल्पित वस्तु छ ।

यो कल्पनाको कारण के हो ? उत्तर यो हो कि

कारण हो आफ्नो स्वरूपलाई विर्सिकन आफूलाई दृश्यको द्रष्टा भनी मानि दिनु । त्यसैले सत्संग प्रेमीको कर्तव्य हो आफूलाई यथार्थ रूपले सधैं अनुभव गरी राख्नु (किनकि आत्मा हो हरहालतमा अनुभव रूप र प्रकाशमान) ।

जब भूलले भेद रहित आत्म स्वरूपमा तिमीहरूले भेद खडा गर्छौ-अर्थात् अखण्ड आत्मालाई द्रष्टा भनी मान्दछौ, तब तिमी सदा कल्पना युक्त भएर नाना प्रकारको दृश्यको कल्पना नै गरी राख्द छौ । यसरी सम्पूर्ण दृश्य जगत् हो साक्षीको (तिम्रो) संकल्परूप । यो संकल्पलाई तिमी परित्याग गरेर वस ।

दृश्यलाई चिताई राख्नु (संकल्प) लाई दृश्यको अभिमुखता भनेको छ (दृश्यलाई सामना गरी राख्नु भनेको छ) । दृश्य पट्टि उन्मुख भए जगत (चिन्ता, पीड़ा, उद्वेग, खिन्नता) खडा भईनै रहन्छ । त्यसैले तिमी आत्मस्वरूप तिर उन्मुख हुनको प्रयत्न गर । यसप्रकार आत्मापट्टि अभिमुख हुनु (आत्मस्वरूपलाई वुद्धिपूर्वक अनुभव गर्नु) लाई निर्विकल्प समाधि भनेको छ । जब तिमी आफूलाई निर्भेद आत्म स्वरूप भनी मान्दछौ तब तिम्रो वुद्धि कुनै दृश्यको आकारमा आकारित हुन सक्दैन, किन्तु केवल सारा आकार रहित निर्विकार आत्म स्वरूपको आकारमा आकारित भैहाल्दछ । यो हो समाधि ।

यसप्रकार चित्तलाई आफ्नो स्वरूपमा समाहित राख्नु हो तिमीहरूको एकमात्र कर्त्तव्य। शरीर इन्द्रिय प्राण मन बुद्धि मायिक पदार्थ भएको हुनाले मायावी प्रारब्धाधिष्ठित ईश्वरद्वारा संचालित भैराखोस्। किनकि त्यसरी चित्तलाई समाहित नगरे तिमीहरूको उल्टा देख्नु (अन्यथा ग्रहण) चलिनै रहन्छ। जहाँ सम्म द्रष्टा दृश्य (साक्षी साक्ष्य) भाव शिथिल हुँदैन तव सम्म आत्मातिर अलिकति पनि प्रगति हुन सम्भव छैन।

सारकुरा यो हो कि तिमीहरूको चित्त अहिले दृश्यतिर वगी राखेको छ (अर्थात् तिमीहरू आफूलाई त्रिपुटी साक्षी मानिकन 'म सुखी छु, मेरो यस्तो गर्नुपर्छ, म धिरे-धिरे बढ़ी राखेको छु, म धेरै जान्न सकेको छु आदि' प्रकारले त्रिपुटीको प्रकाश गर्नेवाला वनीकन मजासित वसिराखेका छौ)। तिमीहरूको चित्त सारा दृश्यबाट उपरत भैकन (सम्पूर्ण दृश्य हो साक्षीबाट कल्पित भनी निश्चय गरेर दृश्यरहित निर्भेद आफ्नो वास्तव सर्वदा प्रकाशमान आत्मातिर वगी राख्नुपर्छ— आत्म स्वरूपलाई सहज रूपले अनुभव गरीराख्नु पर्छ)। तब तिमीहरूको म मेरो रूप भेदभावना र सम्पूर्ण भोगको इच्छा शिथिल भैहाल्छ। जब सम्म भेद कल्पना रहन्छ

त्यहाँ सम्म भोगको इच्छा बनी नै रहन्छ र चित्त कहिल्यै पनि वृत्तिरहित (भिन्न-भिन्न दृश्यलाई अनुभव गरी राख्नु-बाट रहित) हुनसक्दैन । यसरी 'म दृश्यको द्रष्टा हैन ।' म हुँ सारा दृश्यरहित शुद्ध आत्म स्वरूप यसप्रकार निश्चय गरोकन सत्संग र सद्ग्रन्थको आलोचनामा लागी राख्नु तब तिमीहरूको परम कल्याण हुन्छ ।

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

६२४६

AUTHOR चक्रवर्ती क्षितिशचन्द्र

TITLE कैवल्य कुञ्जिका

६२४६

NK66
CHA
2032 B.S.

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

(१) अमृतवचन, (२) आत्म प्रकाश, (३) महौषधि, (४) ज्ञानदीप,
(५) आत्मविचार, (६) गीता रहस्य, (७) स्वरूप प्रकाश,
(८) सुखको बाटो, (९) ईश्वर विज्ञान, (१०) ज्ञान साधन,
(११) ज्ञान सर्वस्व, (१२) ज्ञानालोक, (१३) वाशिष्ठामृत,
(१४) हस्तामलक र आत्मनिष्ठा, (१५) वेदान्त रहस्य प्रश्नोत्तरी,
(१६) अद्वैत सुधा र आत्मप्रदर्शन, (१७) वेदान्त विज्ञान,
(१८) गीतामृत (प्रामाण तात्पर्य टीका), (१९) योग सिद्धि,
(२०) पराशान्ति, (२१) अद्वैत सर्वस्व, (२२) ज्ञाननिष्पत्ति,
(२३) वेदको कर्मकाण्ड र ज्ञानकाण्ड, (२४) गीताको भूमिका,
(२५) सुषुप्ति र सृष्टि, (२६) कुरुक्षेत्र र साक्षात्कार,
(२७) मोक्षको अनन्य मार्ग, (२८) चतु:सूत्री, (२९) आत्म मनन,
(३०) लघु वेदान्तत्रय, (३१) अद्वैत चिन्तामृत, (३२) जीवन्मुक्ति सिद्धि,
(३३) आत्मानुसन्धान, (३४) ईश्वर निरूपण, (३५) सूत्र प्रस्थान,
(३६) ब्रह्म गीता, (३७) जगत भ्रम निरसन, (३८) वशिष्ठ गीता,
(३९) साक्षात्कार रहस्यको विवेचन (४०) विचारालोक,
(४१) गीता गूढार्थ दीपिका, (४२) शंकर जीवनी, (४३) भक्ति शिक्षा,
(४४) नैतिक शिक्षा, (४५) सुभाषित रत्न, (४६) गीता परिचय,
(४७) संयुक्त अक्षर परिचय, (४८) गीता सार, (४९) अच्युताष्टक,
(५०) श्रुति विज्ञान, (५१) चित्तविश्रान्ति, (५२) साधन रहस्य,
(५३) नारायणप्रसाद, (५४) मोक्षोपाय गुरु चन्द्रिका, (५५) वाशिष्ठ विज्ञान,
(५६) शांकर वाशिष्ठ वेदान्त रहस्य, (५७) कर्म र भक्ति, (५८) शत सूत्री,
(५९) मोक्षोपाय लघुचन्द्रिका, (६०) कर्मसंन्यास र काशीवास,
(६१) उपदेश संग्रह, (६२) परमार्थ पत्रावलि, (६३) गीतामा अद्वैतवाद,
(६४) हरिस्तोत्र, (६५) योगवाशिष्ठ प्रश्नोत्तरी, (६६) विश्वराज स्मृति,
(६७) परमार्थ प्रश्नोत्तरी, (६८) ज्ञानाञ्जन, (६९) सर्वोत्तम ध्यान ।

ब्रह्मनिष्ठ श्रीगुरुदेव डॉ० क्षितीशचन्द्र चक्रवर्तीजी की कर्म, भक्ति, ज्ञान ... साक्षात्कार, जीवन्मुक्ति, विदेह मुक्ति ... ीय विषयों को गम्भीर एवं विशद विवेचनाओं से पूण कृतियाँ—

हिन्दी में

(१) स्वरूपानुभव
(२) भगवान विश्वनाथ का स्वरूप
(३) वेदान्त विज्ञान
(४) सर्व विज्ञान
(५) समाधि
(६) साधन सार संग्रह
(७) तैत्तिरीय उपनिषद्
(८) छान्दोग्य उपनिषद्
(९) आनन्दमयकोश विवे
(१०) वेदान्त रहस्य
(११) सर्वत्याग या संन्यास
(१२) आत्मनिरूपण
(१३) भक्ति और ज्ञान
(१४) क्षेत्रज्ञ
(१५) प्रबोध पञ्चक
(१६) प्रपञ्च प्रतीति
(१७) सृष्टि समीक्षा

संस्कृत में

(१) वेदान्तरहस्य-प्रश्नोत्तरी

अंग्रेजी में

(1) Vision of Reality
(2) Great Panacea
(3) Simple English Reader

पुस्तक प्राप्ति स्थान :—

साझा प्रकाशन

केन्द्रीय कार्यालय—पुल चौक, काठमाडौं एवं भैरहवा, विराट नगर, पोखरा आदि

तथा

साझा प्रकाशन की शाखाएँ एवं उपशाखाएँ

R6
CHA
203